नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

गैरआवासीय नेपाली सङ्घको एकता कोशेढुङ्गा सावित हुनेछः प्रधानमन्त्री कार्की

समाचार पृठ ५ मा



वर्ष ४ | अंक २० | २०८२ साल मंसिर १५ गते सोमबार | Monday 01, December 2025 | सूर्योदयः बिहान ०६:३६ बजे | सूर्यास्तः साँझ ५:११ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## राष्ट्रिय सुरक्षा चुनौतीबारे सरोकार राख्न हिन्दू परिषद्को ध्यानाकर्षण

*विश्व हिन्दू परिषद्ले जम्मु–कश्मीरको पहलगाममा नेपाली युवा सुदीप न्यौपानेसहित हिन्दू पहिचानका आधारमा भएको नृशंस हत्या, दिल्लीमा उच्च शिक्षित मुस्लिम चिकित्सकको संलग्नतामा भएको बम विस्फोट र काठमाडौँमै आयोजित एउटा कार्यक्रममा मुस्लिम अगुवाले '४० लाख मुस्लिम उत्रिए देशको अवस्था के हुन्छ' भन्दै दिएको धम्कीपूर्ण अभिव्यक्ति तथा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालामाथि लगाइएको लाञ्छनालाई गम्भीर सुरक्षा सङ्केतका रूपमा प्रस्तुत गरेको छ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**



विश्व हिन्दू परिषद् नेपालले म्यानमार र बङ्गलादेशबाट विस्थापित रोहिंग्या तथा अन्य मुस्लिम समुदायका व्यक्ति नेपालमा अवैध रूपमा भित्रने क्रम तीव्र बढेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ । रोहिंग्या तथा अन्य मुस्लिम समुदायका व्यक्ति अवैध रूपमा नेपालमा भित्रँदा राष्ट्रिय सुरक्षा, सामाजिक सद्भाव र दीर्घकालीन जनसांख्यिक सन्तुलनमा गम्भीर खतरा उत्पन्न गरेको परिषद्को ठहर छ ।

परिषद्ले आइतबार पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारलाई सम्बोधन गरी विस्तृत ज्ञापन पत्र बुझाएको छ । ज्ञापन पत्रमा भारतमा हालै शुरु भएको स्पेसल इन्टेन्सिभ रिभिजन प्रक्रियाका कारण नेपालको खुला सीमाबाट अवैध प्रवेश बढेको र यसले आतङ्कवादी समूहका लागि नेपाललाई आधार क्षेत्र बनाउने जोखिम रहेको उल्लेख छ ।

परिषद्ले जम्मु–कश्मीरको पहलगाममा नेपाली युवा सुदीप न्यौपानेसहित हिन्दू पहिचानका आधारमा भएको नृशंस हत्या, दिल्लीमा उच्च शिक्षित मुस्लिम चिकित्सकको संलग्नतामा भएको बम विस्फोट र काठमाडौँमै आयोजित एउटा कार्यक्रममा मुस्लिम अगुवाले '४० लाख मुस्लिम उत्रिए देशको अवस्था के हुन्छ' भन्दै दिएको धम्कीपूर्ण अभिव्यक्ति तथा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालामाथि लगाइएको लाञ्छनालाई गम्भीर सुरक्षा सङ्केतका रूपमा प्रस्तुत गरेको छ । राष्ट्रिय जनगणना २०७८ ले मुस्लिम जनसंख्या ५.०९ प्रतिशत अर्थात् १४ लाख ८३ हजार मात्र देखाएकोमा त्यस कार्यक्रममा 'अझै २५ लाख १७ हजार मुस्लिम लुकेका छन्' भन्ने दाबी गरिएकामा परिषद्ले त्यस्ता व्यक्तिको वास्तविक पहिचान र अवस्था छानबिन गरी सार्वजनिक गर्न सरकारसँग माग गरेको छ ।

साथै, सुनसरी, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, कपिलवस्तु र बाँके जिल्लामा पछिल्ला वर्षमा हिन्दू धार्मिक कार्यक्रममा बारम्बार अवरोध हुने, कफ्र्यु लगाउनुपर्ने अवस्था सिर्जना हुने र जनसांख्यिक संरचना तीव्र रूपमा परिवर्तन भइरहेकाले सामाजिक सद्भावमा गम्भीर क्षति पुगिरहेको परिषद्को ठहर छ । सरकारलाई तत्काल कदम चाल्न परिषद्ले स्पष्ट रूपमा आग्रह गरेको छ ।

सीमा क्षेत्रमा कडा निगरानी र प्रभावकारी स्क्रिनिङ प्रक्रिया लागू गरी अवैध घुसपैठ पूर्णरूपमा रोक्न, नेपालमा अवैध बसोबास गरिरहेका सबै व्यक्तिको पहिचान गरी विवरण सङ्कलन र कानूनी कारबाही अघि बढाउन, नेपाललाई अवैध आप्रवासन वा कुनै पनि असुरक्षित गतिविधि आश्रयस्थल बन्न नदिन ठोस नीति र व्यावहारिक कदम तुरुन्तै लागू गर्नुपर्ने माग राखिएको छ ।

यस्तै, रिपोर्टर्स क्लबको कार्यक्रममा दाबी गरिएको 'लुकेका २५ लाख १७ हजार मुस्लिम'को वास्तविकता छानबिन गरी सार्वजनिक गर्नुपर्ने परिषद्को माग छ । ज्ञापन पत्र बुझाउँदै परिषद्का एक पदाधिकारीले भने, 'राष्ट्रिय सुरक्षा र हिन्दू समाजमाथि भइरहेको सङ्गठित षड्यन्त्रप्रति राज्य मौन बसेमा धार्मिक द्वन्द्व निम्तिने गम्भीर खतरा छ । त्यसको सम्पूर्ण जिम्मेवारी सरकारको हुने छ ।'

## जनकपुर बोल्ट्स प्लेअफमा पुग्ने सम्भावना कम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो सिजनमा जनकपुर बोल्ट्स लगातार चौथो खेलमा पराजित भएसँगै प्लेअफमा पुग्ने सम्भावना क्षिण भएको छ । पहिलो सिजनमा चम्किलो प्रदर्शन गर्दै उपाधि जितेको टोली यसपटक सुरुआतदेखि नै लय गुमाउँदै एकपछि अर्को हार व्यहोर्दै बाहिरने संघारमा पुगेको छ । जनकपुर बोल्ट्सले खेलेको चार वटा खेलमा ब्याटिङ, बलिङ तथा फिल्डिङ सबै क्षेत्रमा फिका प्रदर्शन गरेपछि टिमको यात्रा समूह चरणमै समाप्त हुने सम्भावना देखिएको हो । जनकपुरका लागि सबैभन्दा ठूलो संकट टप अर्डर ब्याटिङ बनेको छ । पहिलो सिजनमा स्थिर र आक्रामक बनेको ओपनर तथा टपअर्डर यसपटक कुनै पनि खेलमा तालमेल र निरन्तरता जनकपुर बोल्ट्सले देखाउन सकेन । पावर प्लेमा अत्यधिक विकेट पतन हुँदा टिमले कहिल्यै बलियो

समाचार पृठ २ मा

## बिच्छाको सांसद पद खारेज हुँदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पार्टीको निर्देशन विपरीत मधेश प्रदेश सरकारमा वन तथा वातावरण मन्त्री बनेकी कञ्चन बिच्छालाई प्रदेशसभा सदस्य पदबाट हटाउन राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेश सभालाई पत्राचार गरेको छ ।



राप्रपाबाट एक मात्र प्रदेशसभामा समानुपातिक सांसद रहेकी बिच्छा कात्तिक २४ गते संविधानको धारा १६८ को ३ बमोजिम बनेका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारमा विना विभागीय मन्त्री बनेकी थिइन् । उनलाई मंसिर ८ गते मुख्यमन्त्री यादवले वन तथा

समाचार पृठ २ मा




# मोतियाविन्दुको निःशुल्क शल्यक्रिया गरिने

**सिरहा ।**
लहान नगरपालिकाले विगत तीन वर्षदेखि सगरमाथा चौधरी आँखा अस्पतालको सहकार्यमा गरिब तथा विपन्न समुदायका नागरिकको आँखाको ज्योति फर्काउन निःशुल्क शिविर र शल्यक्रिया अभियान सञ्चालन गरिरहेको छ । नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित यस अभियानबाट हालसम्म हजारौँ विपन्न नागरिक लाभान्वित भइसकेका छन् ।

आँखा जाँच शिविरबाट पहिचान भएका मोतियाविन्दुका बिरामीको नगरपालिकाले निःशुल्क उपचार सेवा सुनिश्चित गर्दै आफ्नो सामाजिक उत्तरदायित्व पूरा गरिरहेको हो । यसै क्रममा आइतबार आयोजित निःशुल्क आँखा जाँच शिविरबाट १ सय ७५ जनाले सेवा पाएका छन् । लहान–२० र २१ मा सञ्चालित शिविरमा १ सय ७५ जनाले आँखा जाँच गराएका हुन् ।

आँखा अस्पतालका शिविर संयोजक राजकुमार यादवका अनुसार जाँच गरिएकामध्ये ५८ जनामा मोतियाविन्दु पत्ता लागेको छ । पहिचान भएका सबै बिरामीको निःशुल्क शल्यक्रियाका लागि नगरबसबाट सगरमाथा अस्पतालसम्म पु¥याउने र ल्याउने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो ।

संयोजक यादवले भने, 'आजको शिविरबाट मोतियाविन्दुका कारण दैनिक जीवनयापनमा समस्या भोगिरहेका ५८ जना बिरामी पहिचान भएका छन् । उहाँहरूको सगरमाथा चौधरी आँखा अस्पतालमा निःशुल्क उपचार गरिनेछ । विपन्नका लागि रु पाँच हजारदेखि रु १० हजारसम्म खर्च लाग्ने शल्यक्रिया निःशुल्क हुँदा उहाँहरूमा नयाँ उत्साह थपिएको छ ।'

लहान नगरपालिकाको २४ वटै वडामा तीन वर्षदेखि सञ्चालन गरिरहेको यस शिविरले विपन्न समुदायको आँखाको स्वास्थ्यमा ठूलो परिवर्तन ल्याएको छ । शिविर संयोजक यादवले दिएको हालसम्मको तथ्याङ्कअनुसार एक हजार ९ सय ५ बिरामीको मोतियाविन्दुको शल्यक्रिया गरिएको छ । सात हजार बिरामीलाई औषधि र तीन हजारलाई निःशुल्क चस्मा दिइएको छ ।

नगरप्रमुख महेशप्रसाद चौधरीले विपन्न नागरिकको निःशुल्क आँखा जाँच र शल्यक्रियाका लागि नगरले हालसम्म २५ लाख रुपैयाँ खर्च गरेको जानकारी दिए । उनले आफ्नो कार्यकालमा आँखा रोगबाट पीडित कुनै पनि विपन्न समुदाय नरहने दाबी गर्दै यो वर्ष करिब एक हजार जनाको मोतियाविन्दुको निःशुल्क उपचार गर्ने योजना रहेको बताए ।

गाउँगाउँमा रहेका बिरामीको पहिचान गरी उपचार गर्ने नगरको मुख्य प्राथमिकता रहेको उल्लेख गर्दै नगरप्रमुख चौधरीले 'दृष्टि नहुनेहरूका लागि लहान नगरपालिका सहारा बनेको' बताए ।

लहान नगरपालिकाले थालेको यो प्रेरणादायी अभियान मधेश प्रदेशका अन्य स्थानीय तहमा समेत विस्तार भइरहेको छ । अस्पतालका अध्यक्ष रवीन्द्रलाल चौधरीका अनुसार लहानसहित सिरहा र सप्तरीका १७ वटा पालिकामा यस किसिमको शिविर तथा शल्यक्रिया सेवा सञ्चालन भइरहेको छ । लहान नगरपालिकाको यो कदमले अन्य पालिकालाई पनि विपन्नको स्वास्थ्य सेवामा लगानी गर्न प्रोत्साहन दिएको उहाँको भनाइ छ ।

# जनकपुर बोल्ट्स प्लेअफमा...

सुरुआत पाउन सकेन ।

चार खेलको पावरप्लेमा जनकपुरले १० विकेट गुमाउनु आफ्नै कमजोरीको स्पष्ट संकेत थियो, जसले मध्यम–क्रमलाई दवाबमा पा¥यो र दीर्घ साझेदारी बन्नै दिएन । आसिफ शेख, लाहिरु मिलान्था, माज सदाकत, कप्तान अनिलकुमार साह अलग खेलमा परीक्षण गरिए तर कसैले पनि ब्याटिङ क्रमलाई मजबुती प्रदान गर्न सकेनन् ।

मध्यम र तल्लो क्रमका केही खेलाडीले व्यक्तिगत रूपमा राम्रो इनिङ खेले । आसिफको अर्धशतक, लोफ्टी इटोनको योगदान, पार्नेल र सञ्जयको अर्धशतक । तर यी इनिङले टिमलाई समग्र रूपमा माथि उकास्ने ठूलो साझेदारी बन्न सकेन ।

टिमले सिजनभरि एउटा पनि बलियो, दबाब तोड्ने साझेदारी निर्माण गर्न नसक्नु नै प्रमुख कारण बन्यो कि जनकपुर हरेक पटक सानो र अपूरो स्कोरमै अल्झियो ।

बलिङमा पनि जनकपुरले पहिलो सिजनको जस्तो दबाब र धारिलोपन देखाउन सकेन । घरेलु बलिङ विभागको आधार मानिएका ललित राजवंशी र किशोर महतो यसपटक सिजनभरि प्रभावहीन देखिए । पहिलो सिजनमा महत्वपूर्ण विकेट निकालेका उनीहरू यसपटक चार खेलमा जम्मा तीन विकेट लिन सफल भए । विदेशी बलरको योगदान पनि कमजोर रह्यो । सञ्जय कृष्णमूर्तिको एक खेलमा ३ विकेट बाहेक सिजनमा कुनै पनि बलरले विपक्षीलाई कडा चुनौती दिन सकेनन् ।

फिल्डिङ तिनै विभागमध्ये सबैभन्दा कमजोर क्षेत्र बन्न पुग्यो । क्याच ड्रप, स्लो ग्राउन्ड–फिल्डिङ, रन सेभ गर्ने असफल प्रयास यी सबैले विपक्षीलाई सजिलै रन बटुल्ने मौका दियो । यही कारण जनकपुरविरुद्ध सबै टोली लगभग एकतर्फी रूपमा खेल जित्न सफल भए ।

रणनीतिक निर्णय र नेतृत्वमा पनि निरन्तर परिवर्तन भयो । पहिलो खेलदेखि नै ब्याटिङ अर्डर हेरफेर, ओपनिङ संयोजन परिवर्तन, तेस्रो नम्बर बारम्बार परीक्षण, कप्तान नै बीचमा परिवर्तन यी सबैले टिमलाई स्थिरता दिन सकेन । विदेशी खेलाडीको अनुपस्थितिले समस्या झनै जटिल बनायो । दक्षिण अफ्रिकाका स्टार स्पिनर इमरान ताहिर नआइपुग्दै उनको यस सिजनमा प्रभाव पार्ने सम्भावनासमेत समाप्तजस्तै भयो ।

समग्रमा जनकपुर बोल्ट्सको दोस्रो सिजन निराशाजनक साबित भएको छ । पहिलो सिजनको चमक पूर्ण रूपमा हराएको छ र सबै विभागमा कमजोरी झल्किएको छ । ब्याटिङले सुरुआत दिएन, बलिङले दबाब जमाउन सकेन, फिल्डिङले साथ दिएन, रणनीतिले दिशा देखाउन सकेन । यस्तो अवस्थामा जनकपुरका लागि प्लेअफको सपना अधूरो नै रह्ने लगभग निश्चित छ ।

यस सिजनमा जनकपुर बोल्ट्सले बाँकी ३ खेल जिते पनि जम्मा ६ प्वाइन्ट हुनेछ । यो प्वाइन्टका साथ प्लेअफमा पुग्ने सम्भावना रहँदैन । तर पूर्णरुपमा प्ले अफमा पुग्ने सम्भावना जनकपुर बोल्ट्सको समाप्त भइसकेको भने छैन । अब जनकपुर बोल्ट्सलाई प्लेअफमा पुग्न अन्य टीमहरुको प्रदर्शनमा भर पर्नेछ ।

# मुख्यमन्त्रीसँग बर्थिङ सेन्टरबारे गुनासो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनतासँग प्रत्यक्ष संवादमार्फत समस्या सुन्ने 'जनतासँग मुख्यमन्त्री' कार्यक्रमको १५ औँ दिनमा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई रौतहटको बृन्दावन नगरपालिका–३ का नागरिकले बर्थिङ सेन्टर बन्द भएको गुनासो गरेका छन् ।

बिहान गरिएको टेलिफोन संवादका क्रममा यो वडाका नागेन्द्र यादवले स्वास्थ्य चौकीभित्र रहेको बर्थिङ सेन्टर लामो समयदेखि बन्द रहँदा गर्भवती महिलाले सास्ती भोग्नुपरेको बताए । उना अनुसार, बर्थिङ सेन्टर सञ्चालनमा नआएपछि प्रसूति सेवाका लागि महिलालाई बाहिरी ठाउँ धाउनुपर्ने बाध्यता बनेको छ । गुनासो सुनेपछि मुख्यमन्त्री यादवले सम्बद्ध निकायसँग समन्वय गरी समस्या छिनोफानो गर्ने प्रतिवद्धता जनाए ।

उनले प्रसूति सेवाजस्तो आधारभूत स्वास्थ्य सुविधामा अवरोध अस्वीकार्य भएको उल्लेख गर्दै आवश्यक कदम तत्काल अघि बढाइने बताए । योसँगै बृन्दावन–३ का स्थानीयले लामो समयदेखि बन्द रहेको बर्थिङ सेन्टर पुनः सञ्चालनमा आउने अपेक्षा गरेका छन् ।

# सर्लाहीबाट खतिवडा पनि प्रतिनिधि



**मधेशदृष्टि**
**सर्लाही ।**
नेकपा एमाले सर्लाहीबाट सबै महाधिवेशन प्रतिनिधि निर्विरोध चयन भएका छन् । चार वटै निर्वाचन क्षेत्रबाट खुला, महिला, युवा र दलित तर्फका प्रतिनिधि सर्वसम्मत चयन भएका हुन् । सर्वसम्मति जुटाउन सहजीकरण समिति बनाएर अधिकार दिइएको थियो ।

समितिले लामो छलफल गरेर आकांक्षीहरुबीच सहमति जुटाएको जनाइएको छ । सर्वसम्मत प्रतिनिधि चयन हुँदा अधिवक्ता राधिका खतिवडा पनि महाधिवेशन प्रतिनिधि परेकी छन् । गलत अभियोजनका पीडित र आर्थिक अवस्था कमजोर बनेका पीडितहरुको पक्षमा वकालत गरेर खतिवडाले आफ्नो परिचय बनाएकी छन् । उनी सर्लाही–२, बाट महिला क्लस्टरबाट प्रतिनिधि बनेकी हुन् ।

# बिच्छाको सांसद पद खारेज ...

वातावरण मन्त्रीको जिम्मेवारी तोकेका थिए ।

राप्रपाले बिच्छालाई सरकारबाट बाहिरिन निर्देशन दिएको थियो । नबाहिरिएपछि स्पष्टिकरण समेत सोधिएको थियो ।

पार्टीको नीति नियम अटेर गरेपछि प्रक्रिया पु¥याए राप्रपाले उनलाई प्रदेश सभा सदस्य पदबाटै हटाउन राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ बमोजिम आवश्यक कारबाहीका लागि सूचना जारी गरिदिन प्रदेश सभामा पत्र पठाएको हो ।

राप्रपाका मुख्य सचिव केदारबहादुर अधिकारीको हस्ताक्षरसहित प्रदेश सभालाई पत्र पठाइएको छ । पत्र आइतबार नै प्रदेश सभा सचिवालयमा प्राप्त भएपछि उपसभामुख बबिता राउत ईशरलाई बुझाइएको सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए । उपसभामुख ईशरले पत्र प्राप्त भएको र कर्मचारीसहित कानून विज्ञसँग छलफल गरेर सूचना प्रकाशन गरिने बताइन् ।

# डिजेल–मट्टीतेलमा एक रुपैयाँ गिरावट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल आयल निगमले डिजेल–मट्टितेलको मूल्य घट्दा हवाई इन्धनको मूल्य बढेको छ । मंसिर १५ गतेबाट लागू हुनेगरी डिजल–मट्टितेलको मूल्य १ रुपैयाँले घटाइएको हो ।

निगम सञ्चालक समितको निर्णयअनुसार पहिलो वर्गको १ सय ४३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गको १ सय ४५ रुपैयाँ र तेस्रो वर्गको १ सय ४६ रुपैयाँ तय भएको छ ।

यस्तै हवाई इन्धनको आन्तरिकतर्फ भने ६ रुपैयाँ बढेको छ । अन्तरराष्ट्रिय तर्फ ४२ डलरले बढेको छ ।


दर्ता नं. ६०७/०६८/०६९ | पान नं. ३०५६११८५५

सहकारी ऐन बमोजिम स्थापित

## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

वीरगंज, पर्सा

## १५औं बार्षिक साधारण सभा बारे सुचना

प्रथम पटक प्रकाशित मिति २०८२।०८।१५ गते

कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि. वीरगंज १५, पर्साको मिति २०८२/०७/२० गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको १५औं बार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा कार्यव्यवस्था निर्देशिका २०७६ संशोधित २०७७ तथा संस्थाको विनियम बमोजिम तपशिलमा उल्लेखित साधारण सभाको कार्यसुची अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुदाँ तपशिलको मिति, समय र स्थानमा उपस्थितिको लागि सदस्यहरुको ठेगानामा विभिन्न माध्यमबाट सुचना सम्प्रेषण भईरहेको छ। कुनै कारणबश अन्य माध्यमबाट जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितिको लागी हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाका कार्यसूचीहरु**

१. १४ औं बार्षिक साधारण सभाका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमा ।
२. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा ।
३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आ.व.२०८१/०८२ को बार्षिक लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ मा संचालक, लेखा तथा विभिन्न उपसमितिहरुले गरेको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
६. आ.व. २०८१/०८२ को आम्दानी र खर्च पारित गर्ने सम्बन्धमा ।
७. आ.ब.२०८२/०८३ को प्रस्तावित वार्षिक निति, कार्ययोजना तथा बजेट पारित गर्ने सम्बन्धमा ।
८. आ.ब.२०८२/०८३ को लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
०९. शेयर पूँजी वृद्धि सम्बन्धमा ।
१०. रणनीति, नीति, निर्देशिका एवं कार्यविधि संसोधन तथा तर्जुमा गर्ने सम्बन्धमा ।
११. साधारण सभाको बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१२. लिलामी सकार गरेको सम्पति विक्री सम्बन्धमा ।
१३. खराब कर्जा असुली योजना सम्बन्धमा ।
१४. नियमनकारी निकायको अनुगमन प्रतिवेदन सम्बन्धमा ।
१५. संचालक समितिको रिक्त रहेको पदको पुर्ति सम्बन्धमा ।
१६. विविध सम्बन्धमा ।

**तपशिल**

मितिः २०८२/०८/२६, शुक्रवार
समयः अपरान्ह ३ बजे देखि
स्थानः होटल भिस्वा, वीरगंज १५ पर्सा

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

- साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा २०८२/०८/१९ गते कार्यालय समय भित्र लिखित रुपमा पेश गर्नुपर्ने जानकारी समेत गराईन्छ ।
- साथै साधारण सभा सम्बन्धी सुचना कार्यालयको सुचना पाटी, संस्थाको आधिकारिक फेसबुक मेच्चमा समेत प्रकाशित गरिएको व्योहोरा जानकारी गराईन्छ ।

संचालक समितिको आज्ञाले
**प्रदिप कुमार लोहार**
व्यवस्थापक



मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र

गौर, रौतहट

## माटो स्वास्थ्य सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्वनको सूचना ।

प्रथम पटक प्रकाशन मिति २०८२।०८।१५ गते

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माटो स्वास्थ्य सुधार कार्यक्रम संचालन गर्न माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक / कृषक समूह / कृषि सहकारी/फर्म/कम्पनी हरुले सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र (मिति २०८२/०८/२९ गते सम्म) तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट https:// akcrautahat.madhesh.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

**आवश्यक कागजातहरुः**

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. आवेदक कृषक समूह / कृषि सहकारी / फर्म/कम्पनी को हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, र २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी / अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको र अख्तियारी पत्र ।
३. कृषक समूह / कृषि सहकारी/फर्म/कम्पनी को हकमा कार्यक्रम माँग गर्ने सम्बन्धि कार्यकारिणी समितिको निर्णयको स्वयम प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
४. कृषक / कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनीहरुले माटो सुधारको लागि माँग गरिने कृषि सामग्रीहरु (कृषि चुन र ढैचा / मुंग) को लागि जग्गाको धनि लालपुर्जा तथा लिजमा लिएको जग्गाको जग्गा धनि पूर्जा र करारनामा / मन्जुरनामा पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्ने ।
५. माँग गरेको योजनाको लागत इस्टिमेट कार्ययोजना श्रोत सुनिश्चितता र आफ्नो लगानि अनुपातको प्रतिवद्धता पत्र ।

**अनुदानका शर्तहरुः**

१. कृषक / कृषक समुह / कृषि सहकारी/फर्म/कम्पनीहरुले देहाय बमोजिमका क्रियाकलाम संचालन गर्नको लागि आवेदन दिन सक्ने छ ।
   क. कृषि चुनमा सहयोग
   ख. प्राङ्गारिक तथा गड्यौले मल उत्पादनमा सहयोग
   ग. हरियो मलको बिउ वितरण
२. कृषि चुन र हरियो मल (ढैचा, मुंग, सनईका लागि माटो जाँच प्रतिवेदन पेश गर्नुपर्ने छ) ।
३. प्राङ्गारिक तथा गड्यौले मल उत्पादन गर्न इच्छुक कृषक / कृषक समूह / कृषि सहकारी/फर्म/कम्पनीहरुले सम्बन्धित स्थानिय तहको कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नु पर्नेछ ।
४. झुटा बिवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमिततामा नपरेको / कार्यालयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।
५. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन / संशोधन भए अनुसार थप / घट हुनेछ ।
६. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ ।
७. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

*नि. कार्यालय प्रमुख*

# चिसोमा सतर्कता अपनाउन महानगरको अपिल

**मधेशदृष्टि**
**वीरगंज ।**
चिसो मौसम शुरु भएसँगै वायु प्रदूषण तीव्र रूपमा बढ्न थालेको भन्दै वीरगंज महानगरपालिकाले नगरबासीलाई विशेष सावधानी अपनाउन अपिल गरेको छ । महानगरको वातावरण तथा विपद् व्यवस्थापन महाशाखाले आइतबार सार्वजनिक अपिलमार्फत खुला स्थानमा फोहर नजलाउन, कृषि अवशेष तथा प्लास्टिकजन्य वस्तु जलाउने काम नगर्न र आवश्यक नपरीकन धूलो फैलिने गतिविधि रोक्न आग्रह गरेको हो ।
महानगरले वायु प्रदूषणले विशेषगरी बालबालिका, दीर्घरोगी, दम तथा श्वासप्रश्वाससम्बन्धी समस्या भएका व्यक्ति र गर्भवती महिलामा गम्भीर असर पार्ने भएकाले प्रत्येक नागरिकले जिम्मेवारीपूर्वक व्यवहार गर्नुपर्ने जनाएको छ । अपिलमा खुला आकाशमा फोहर जलाउने, पेट्रोलियमजन्य पदार्थ तथा कोइला जस्ता उर्जा स्रोतको अनावश्यक प्रयोग, निर्माण कार्यमा अत्यधिक धुलो उड्ने कार्य, प्रदूषणकारी गतिविधि र अनियन्त्रित उत्सर्जनजस्ता काम तत्काल रोक्न महानगरले आग्रह गरेको छ ।


## श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.

**वीरगंज म.न.पा -०८, पानीटंकी**

## कर्जा चुक्ता गर्ने आउने बारे ३५ दिने सार्वजनिक सूचना

**( प्रथम पटक प्रकाशित मितिः२०८२/०८/१५)**

**टेलिफोन नं-०५१-५२१९२७, Gmail:-shreehimalsaccos@gmail.com**

यस श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०८/१५ तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई यस संस्थाबाट टेलीफोन,मौखिक एवम् लिखित पत्रबाट पटक -पटक उपभोग गरेको कर्जाको साँवा ,ब्याज र हर्जाना रकम चुक्ता गर्न बारम्बार ताकेता गर्दा समेत ऋण दायित्व फछ्यौट गर्ने तर्फ तदारुकता न देखाई यस संस्थासंग आन्तरिक रुपमा गरिएका समझौता भंग भएकोले हर्जाना र ब्याज समेतको बाँकी सम्पूर्ण ऋण रकम चुक्ता गर्नको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थालाई बुझाउन पर्ने सम्पूर्ण साँवा ,ब्याज तथा हर्जाना रकम एकमुस्ट बुझाउन अनुरोध गरिन्छ। यस सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेमा संस्थाको विनियम तथा सहकारी ऐन २०७४,को दफा ७९, र सहकारी नियमावली २०७५ को दफा ३० र अन्य नियम तथा निर्देशनहरु र अन्य प्रचलित कानुन बमोजिम संस्थाले धितोंमा रहेको सम्पति डाँक बढाबढ प्रकृया मार्फत लिलाम बिक्री गरी वा लिलाम बिक्री हुन नसकेमा संस्था आफैले सकार गरी संस्थाको असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपशील

| क्र.स | ऋणिकों तिन पुस्ताको विवरण | फोटो | धितोंको विवरण |
|---|---|---|---|
| १. | नामः समीम अख्तर अंसारी<br>बुबाः नैमुदीन अंसारी<br>बाजेः ग्यासुदिन अंसारी<br>ठेगानाः वीरगंज-१२<br>ना.प्र.नं: १६०३१८८७८<br>जारी मितीः २०४४/१२/२६<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | समीम अख्तर अंसारी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज वडा नं-१२ साविक बीरगंज उ.म.न.पा.वडा नं-१५ कित्ता नं.७७० को व.मि ९२.०३ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| २. | नामः किसुन सिंह राजपुत<br>बुबाः झकड सिंह राजपुत<br>बाजेः शिवलाल सिंह<br>ठेगानाः वीरगंज-१५<br>ना.प्र.नं: ६४१२१०७३<br>जारी मितीः २०३६/०४/०७<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | किसुन सिंह राजपुत को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१५ साविक नगवा वडा नं -५ को कित्ता न.४०२४ को क्षेत्रफल ०-०-१३-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ३. | नामः रेहाना खातुन<br>पतिः मंजुर आलम अंसारी<br>बुबाः नैमुदीन अंसारी<br>ठेगानाः वीरगंज-२३<br>ना.प्र.नं: ७०१२१४७९<br>जारी मितीः २०४४/११/१७<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | रेहाना खातुन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज वडा नं-१५ साविक नौतन वडा नं ६ कित्ता नं.२८० को क्षेत्रफल ०-०-१५-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ४. | नामः गिता कुमारी चौधरी<br>बाबु/पतिः राम प्रसाद महतो थारु<br>बाजे/ससुरोः प्रमेश्वर महतो थारु<br>ठेगाना : वीरगंज-१५<br>ना.प्र.नं :३४१०४९/१७६<br>जारी मितीः२०६५/११/२२<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | गिता कुमारी चौधरी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१५ साविक नौतन वडा नं ६ कित्ता नं.२२४६ को क्षेत्रफल ०-०-६-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ५. | नामःरुनची देवी थरूनी<br>पतिः ठग ओझैया थारु<br>ससुरोः पलट ओझैया थारु<br>बुबा :बिसुन दास थारु<br>ठेगानाः पर्सागढ़ी-७<br>ना.प्र.नं: २५/०४४९१५४६<br>जारी मितिः२०४५/०२/१०<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | रुनची देवी थरूनी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला बागेश्वरी तितरौना वडा नं ७ कित्ता नं.१८८ को व.मि.८६० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ६. | नामः गिता देवी साह कानु<br>पति : जयकुमार साह कानु<br>ससुरो : बासी साह<br>बुबा : सोनालाल साह कानु<br>ठेगाना : बारा-१ ,बहुअरी<br>ना.प्र.नं : ४५०२<br>जारी मितीः२०६२/१२/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | गिता देवी साह कानु को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१४ साविक बहुअरी बी वडा नं ८ कित्ता नं.७१२ को क्षेत्रफल ०-०-३-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ७. | नामः सुशिला देवी कानु<br>पतिः रामानन्द प्रसाद साह कानु<br>ससुरोः देवशरण साह कानु<br>बुबाः भवन साह<br>ठेगानाः कलैया न.पा-१५<br>ना.प्र.नं :३३३०८०/११५१<br>जारी मितीः२०६३/११/२२<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | सुशिला देवी कानु को नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता कायम रहेको बारा जिल्ला धर्मनगर वडा नं ८,९ कित्ता नं.८१५,९९१ को क्षेत्रफल ०-५-०-०, ०-१-१-१४ र बलिरामपुर वडा नं-१ को कित्ता नं-१००४ क्षेत्रफल ०-२-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ८. | नामः रामचन्द्र राउत<br>बुबाः ब्रहमदेव राउत<br>बाजेः दरवारी राउत<br>ठेगानाः पर्सागढ़ी -७(बागेश्वरी तितरौना)<br>ना.प्र.नं: ३६६४०५९१<br>जारी मितीः २०३३/१२/१२<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | रामचन्द्र राउत को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला गा.बि.स बागेश्वरी तितरौना वडा नं-८ को कित्ता नं-७६ को व.मि.७१११.२६ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |

**पुनशच : धितों लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितों सम्पति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले संस्था तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५७(६) अनुसार सकार गरी लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।


# ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा युवतीको मृत्यु

**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरपालिका–३, स्थित बजनीमा आइतबार बिहान भएको सवारी दुर्घटनामा युवतीको मृत्यु भएको छ । मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका–७ कि २० वर्षीया ज्योतिकुमारी गुप्ता रहेको जिल्ला प्रहरीले पुष्टि गरेको छ ।
सिमराबाट जीतपुर जाँदै गरेको ना३त १०९८ नम्बरको ट्र्याक्टरले सोही दिशामा अघि बढिरहेको मधेश प्रदेश ०३–०३२ प ९५९० नम्बरको मोटरसाइकललाई ठक्कर दिएपछि दुर्घटना भएको थियो । ट्र्याक्टरको ठक्करपछि मोटरसाइकल अनियन्त्रित बन्दै अगाडिबाटै गुडिरहेको साइकलमा समेत जुधेको प्रहरीले जनाएको छ ।
दुर्घटनामा मोटरसाइकलचालक ज्योति गुप्ता, पछाडि सवार जीतपुरसिमरा उपमहानगरपालिका–७ की आस्था गुप्ता र साइकलचालक जीतपुरसिमरा उपमहानगरपालिका–२ का ४२ वर्षीय कृष्ण मगर घाइते भएका थिए ।
उपचारक्रममा ज्योतिको बयोधा अस्पतालमा मृत्यु भएको हो । अन्य दुबै घाइतेको उपचार जारी रहेको जिल्ला प्रहरी कार्यालय बाराका निमित्त प्रहरी प्रवक्ता एवम् प्रहरी निरीक्षक खेमप्रसाद नेपालले जानकारी दिए ।

# लागुऔषधसहित दुई पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका–४ गौर रोड नजिक प्रहरीले लागूऔषध सहित दुई जनालाई पक्राउ गरेको छ ।
गौर रोड घर भएका ३२ वर्षीय भोला साह र चन्द्रपुर–६ घर भएका २८ वर्षीय राजेश राईलाई इलाका प्रहरी कार्यालयले शनिबार साँझ पक्राउ गरेको हो । प्रहरीका अनुसार साह बैंकिङ कसुरका फरार प्रतिवादी हुन् । प्रहरी सहायक निरीक्षक निलेश पाठकको टोलीले साहलाई घरमै नियन्त्रणमा लिएर चेकजाँच गर्ने क्रममा पाइन्टको गोजीबाट १ सय ९० ग्राम ब्राउन सुगर फेला परेको हो । उनकै बयानको आधारमा राईलाई समेत पक्राउ गरेको इलाका प्रहरी चन्द्रनिगाहपुरले जनाएको छ । पक्राउ परेका साह र राईबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।
चन्द्रपुर इलाकामा लागू औषधको कारोबार बढेको भन्दै स्थानीयले प्रहरीको आलोचना गर्दै आएका छन् ।

# भोजपुरी गीत ‘जेल’ को प्रिमियर



**मधेशदृष्टि**
**वीरगंज ।**
भोजपुरी गीत ‘जेल’ को प्रीमियर भएको छ । म्युजिक डाइरेक्टर गौरव रोशनको प्रमुख आतिथ्य तथा निर्माता प्रभु कुमार यादवको विशेष उपस्तिथिमा गीत प्रिमियर भएको हो ।
मुख्य कलाकार रौशन सिंह (म्याङ्गो म्यान) र निभा यादवले अभिनय गरेको गीतमा सङ्गीत उमेश राजको रहेको छ भने देव यादव र शिल्पीराजले सुमधुर स्वर दिएकी छन् । नेपाल पत्रकार महासंघ बाराका कार्यसमिति सदस्य तथा रेडियो बादलका सञ्चालक नुर आलम बादशाहले समेत अभिनय गरेको म्युजिक भिडियोमा चर्चित कलाकार गजेन्द्र कुशवाहा, रेबिका नेपालीलगायतका कलाकार समेटिएका छन् ।
गीतको म्युजिक भिडियोमा निर्देशक शाहिल साहको अहम भूमिका छ । त्यस्तै, भिडियोग्राफी संजय सिंहले गरेको पोस्टर इडिटर बिबेक यादवले बताए ।

# भारतीय नागरिक गाँजासहित नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजा सहित भारतीय नागरिकलाई पक्राउ गरेको छ । जिराभवानी गाउँपालिकाबाट प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजासहित भारतीय नागरिकलाई पक्राउ गरेको हो ।
पक्राउ पर्नेमा भारत बिहार राज्य, बेतिया जिल्लास्थित मुसहरीका ६५ वर्षीय गामा बिन रहेको पर्सा प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट खटिएको प्रहरीको टोलीले शंकरसरैयाँबाट ३० किलो लागुऔषध गाँजा बरामद गरेको हो । जङ्गलको बाटो हुँदै गाँजा बोकेर ल्याउँदै गरेको अवस्थामा बिनलाई दुई बोरा गाँजासहित पक्राउ गरिएको हो । प्रहरीको प्रारम्भिक अनुसान्धानमा पक्राउ परेका बिनले गाँजा भारततर्फ लैजान लागेको खुलेको छ ।

सम्पादकीय

# देह व्यापारका घटनामा उपमहानगरपालिका किन मौन ?

धनुषाको जनकपुर उपमहानगरपालिका, वडा नम्बर ८ स्थित पिडारीचोकमा यौनजन्य कृयाकलाप भएको भन्दै स्थानीयले बिरोध जनाए। केही दिनअघि पिडारी चोकनिर रहेका विभिन्न गेस्ट हाउसमा वेश्यावृत्ति भएको भन्दै स्थानीयले गेस्ट हाउसमै पुगेर बिरोध मात्र जनाएनन्, उनीहरुले प्रहरी प्रशासनकै संरक्षणमा यस्ता कुकार्य हुने गरेको आरोप लगाए। शनिबार स्थानीयले बिरोध ¥याली नै निकाले यौनजन्य कृयाकलापको बिरोध गर्दै दोषीमाथि कारबाही गर्न माग राखे। यस्तो बेथिति भइरहँदा पनि जनकपुर उपमहानगरपालिकाचाहिँ नतमस्तक देखिएको छ। यहाँ जताततै समस्यै समस्या देखिएको छ। उपमहानगरपालिकाभित्र समस्या धेरै भए पनि उपमहानगरपालिका नेतृत्व भने बेखबर देखिएको छ।

विकृतिमुक्त बनाएर जनकपुरलाई अझ राम्रो बनाउन निर्देशन दिनुपर्नेमा यस्तो विकृतिजन्य विषयलाई मौन समर्थन त होइन ?

समाजभित्रबाट बिरोध आइसकेपछि त्यसको तुरुन्त एक्सन लिएर कामकारबाही गर्नुपर्नेमा उल्टै उनीहरुलाई प्रोत्साहन गरेको त होइन भन्ने प्रश्न उब्जिएको छ।

जताततै फोहोरको डंगुर देख्न सकिन्छ। कुरीतिका कुरा गरेर जनकपुरमा साध्य नै छैन। यही मंसिर ९ गते रामसीताको विवाहपञ्चमी भव्य तरिकाले भयो। लाखौँ भक्तजन आए–गए। उनीहरुले गरेको फोहोर अहिले बल्ल उठ्न थालेको छ। फोहोरका कारण जनकपुर अझै दुर्गन्धित छ।

त्यसले जनताको स्वास्थ्यमा नकारात्मक असर गरिरहेको छ। अहिले कति जनता बिरामी हुन थालेका छन्। अस्पताल बिरामीले भरिन थालेका छन्। यसमा चासो लिने कसले ? जनप्रतिनिधि र अभिभावकका रुपमा उपमहानगर प्रमुखले यसको रेखदेख र व्यवस्थापन गर्नुपर्ने हो। तर खासै चासो राखेको पाइएको छैन।

अझ दुःखको विषय, मेन रोडका गेस्ट हाउसमा यौन व्यवसायले उग्र रुप लिरहँदा र जनताले बिरोध जनाउँदा पनि उपमहानगर र यसका तालुकदार व्यक्तिहरुको मौनता किन हो ? के यो हदभन्दा बढी भएन र ? स्थानीयले उपमहानगरपालिकाले जनतालाई कर उठाउने तर जनताको सेवालाई वेवास्ता गरिरहेको आरोप लगाएका छन्। खासगरी नगर प्रमुखले जनताको आवाज सुन्न ढिलाइ भएको कि चाहना कम भएको छ ?

# एचआइभी रोकथामका लागि रुपान्तरणकारी रणनीति



झविन्द्र भण्डारी

प्रत्येक वर्ष डिसेम्बर १ मा विश्व एड्स दिवस मनाइन्छ। यो दिवसले एचआइभी–एड्सका बारेमा जनचेतना बढाउने मात्र होइन, धेरै प्रभावित व्यक्ति, परिवार र समुदायहरूलाई कसरी रोकथाम, उपचार र सहयोग सुनिश्चित गर्ने भन्ने महत्वपूर्ण सवालमा सरोकारवालाहरुको ध्यानाकर्षण पनि गर्छ। एड्सबाट मृत्यु भएका व्यक्तिहरुको सम्झना गर्ने दिन पनि हो। यो वर्षको नाराले सङ्क्रमितको आवाजलाई सम्बोधन गर्दै एड्सको रोकथामका प्रयासलाई रुपान्तरण गर्ने अभियानलाई विशेष जोड दिएको छ।

एचआइभीको प्रकोप अझै सकिएको छैन। धेरै व्यक्ति, परिवार र समुदायहरु अझै पनि एचआइभी सङ्क्रमणको जोखिममा छन्। युएनएड्सको प्रतिवेदनअनुसार सन् २०२४ को अन्त्यसम्म करिब नौ मिलियन एचआइभी सङ्क्रमितहरुले उपचार पाएका छैनन्। सन् २०२४ मा १.३ मिलियन व्यक्तिहरू सङ्क्रमित भएका थिए।

राष्ट्रिय एड्स, तथा यौनरोग केन्द्रका अनुसार २०२४ को अन्त्य ३४ हजार ३३७ जना एचआइभी सङ्क्रमित भएको अनुमान रहेको छ, जसमध्ये ७७ प्रतिशतले उपचार पाएका छन्। देशका ६४ जिल्लामा ९६ एआरटी केन्द्रबाट एन्टी रेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध छ। सन् २०२४ मा मात्रै ५६९ व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान छ। यो सन् २०१० को तुलनामा ८६ प्रतिशतले घटेको हो।

**समन्वयात्मक प्रयासको खाँचो**

नेपालको एचआइभी अवस्था केन्द्रीकृत महामारी हो। उच्च जोखिममा रहेका समूहहरू जस्तै लागुपदार्थको प्रयोग गर्ने यौनकर्मी, पुरुष समलिङ्गी, तथा तेस्रोलिङ्गी यौनकर्मीमा एचआइभी सङ्क्रमण बढी छ। अहिलेसम्मको तथ्याङ्क हेर्दा लागुपदार्थ प्रयोग गर्नेमा ३ प्रतिशत, महिला यौनकर्मीमा २.२ प्रतिशत पुरुष समलिङ्गीमा ६.२ प्रतिशत, भारतमा काम गर्न जाने नेपाली कामदारमा ०.२ प्रतिशत रहेको छ।

सरकारले सन् २०३० मा एड्सको महामारीलाई अन्त्य गर्ने महत्वाकाङ्क्षी लक्ष्य लिएको छ। अन्य मुलुकहरुमा जस्तैः नेपालले पनि एचआइभी नियन्त्रणका लागि महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। यसका लागि नीति, रणनीति र निर्देशिकाहरूको कार्यान्वयनले पनि यी उपलब्धिहरू हासिल भएका हुन् तर यी उपलब्धिलाई निरन्तरता दिन नेपालले पनि दिगो मार्गचित्रको संरचनात्मक खाका तयार गर्नुपर्ने देखिन्छ तर यसका लागि अझै पनि समन्वयात्मक प्रयास भएको छैन।

अतिकम विकसित देशमा एचआइभी रेस्पोन्स अझै पनि जोखिममा छ किनकी उच्च जोखिममा परेका समूहहरूमा रोकथाम, परीक्षण, उपचार र आधारभूत स्वास्थ्य सेवाहरु पर्याप्त छैनन्। समुदायकै नेतृत्वमा सञ्चालित एचआइभी सेवा पनि अन्तरराष्ट्रिय रूपमै बजेट कटौतीका कारण रोकिने अवस्थामा छन्। यसले गर्दा स्वास्थ्य सेवामा पहुँच, मानवअधिकार, लैङ्गिक समानता, समावेशीता, समता, सामाजिक न्यायजस्ता सवालहरु ओझेलमा पर्दैछन्। अनि सीमान्तकृत र प्रभावित समूहहरु थप बञ्चितीकरणमा पर्ने जोखिम बढ्छ।

एचआइभी रेस्पोन्सका लागि बाह्य दातृ निकायमा निर्भर रहने परम्पराले पनि यतिछिट्टै उल्लेख्य बजेट कटौती भएपछि एचआइभी कार्यक्रमहरुको निरन्तरता र दिगोपनमा थप सङ्कट र चुनौती थपिएको छ। यो परिस्थितिको सामना गर्न राज्यले आन्तरिक बजेट बढाउनुपर्ने, एचआइभी कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुसँग साझेदारी बढाउने र स्थानीय नागरिक समाज एवं उच्च जोखिममा परेका समूहहरुको क्षमता अभिवृद्धिलाई संस्थागत गर्नुपर्ने देखिन्छ। यसका लागि एचआइभी सेवालाई समावेशी, एकीकृत र जनकेन्द्रित स्वास्थ्यको मोडेलमा रुपान्तरण गर्न जरुरी छ।

दिगो रोकथामका लागि स्वास्थ्यबाहेकका अन्य शिक्षा, सहरी विकास, श्रम तथा रोजगार. बालबालिका, महिला, सामाजिक संरक्षणलगायत क्षेत्रमा समन्वय र सहकार्य बढाउनुपर्ने देखिन्छ। बहुक्षेत्रीय समन्वयले नै एचआइभी रोकथामको माग र सेवाको कभरेज बढाउन उल्लेख्य सहयोग गर्छ। केही क्षेत्रीय र अन्तरराष्ट्रियस्तरबाट प्राप्त अनुभव र सिकाइबाट स्थापित भएका रोकथाम, परीक्षण र उपचारका नयाँ प्रविधि र अभ्यासहरुलाई पनि कार्यान्वयन गर्नुपर्ने देखिन्छ। दक्षिण पूर्वी एसियाका देशहरु जस्तैः थाइल्याण्ड, कम्बोडियाका एचआइभी रेस्पोन्सका कार्यक्रम सफल मानिन्छन्। ती अभ्यासहरूलाई नेपालले पनि अनुसरण गर्न सक्छ तर यी नयाँ प्रयासहरु पर्याप्त जनशक्ति र प्राविधिक क्षमताको अभावले गर्दा अपेक्षा गरेअनुरुप स्थानीय तहमा प्रभावकारी रुपमा विस्तार हुन सकेका छैनन्।

एचआइभी सङ्क्रमित व्यक्तिलाई उपचार सेवामा पहुँच बढाउन प्रदेश र स्थानीय स्तरमा परीक्षण, परामर्श र प्रेषण सेवालाई उच्च प्राथमिकतामा राखिएको छ। एचआइभी एड्सकाबारेमा जनचेतना बढे पनि दुर्गम क्षेत्रमा सङ्क्रमित व्यक्ति र उनीहरूको परिवारले स्थानीय संस्थाहरुमा पाउनुपर्ने गुणात्मक उपचार, परामर्श सेवा र सहयोग उपलब्ध छैनन्। कतिपय स्वास्थ्य संस्थामा तालिम प्राप्त जनशक्ति, औषधि र प्रयोगशालाको अभावले गर्दा एचआइभी सेवाहरु प्रभावित भएका छन्। एचआइभी सेवाको प्रवाहमा असमानतामा घटाउँदै समुदाय र स्वास्थ्य प्रणालीलाई अझ बढी समावेशी, उत्थानशील र दिगो बनाउने दिशामा नयाँ राष्ट्रिय एचआइभी रणनीतिले स्पष्ट मार्गचित्र दिने अपेक्षा गरिएको छ।

त्यसैले एचआइभी रोकथामका लागि उच्च राजनीतिक प्रतिबद्धता, स्पष्ट राष्ट्रिय कार्ययोजना र आवश्यक प्राविधिक स्रोत सुनिश्चित गर्न आवश्यक छ।

**थपिँदो चुनौती**

पहिलेदेखि नै राष्ट्रिय एचआइभी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन गर्न अन्तरराष्ट्रिय साझेदार संस्थाले प्राविधिक सहयोगमा निरन्तरता दिँदै आएका थिए। यो सहयोगले एचआइभी सेवामा जोखिम समूहको पहुँच बढाउन उल्लेख्य सहयोग पुगेको देखिन्छ।

तर अहिलेका सन्दर्भमा अन्तरराष्ट्रियस्तरमै बजेट कटौतीले गर्दा दातृ निकायको आर्थिक र प्राविधिक सहयोग उल्लेख्य रुपमा घटेको छ। यो चिन्ताको विषय हो किनकी एचआइभीका सेवालाई कसरी निरन्तरता दिने भन्ने विषय अहिले मुख्य सवाल बनेको छ। यो परिवेशमा राष्ट्रिय र स्थानीयस्तरमा नागरिक समाजका सञ्जालमार्फत सञ्चालित एचआइभी रोकथाम र उपचार सेवा अझ बढी परिणाममुखी बनाउन उनीहरूको सहभागिता र क्षमता अभिवृद्धि सुनिश्चित गर्न जरुरी देखिन्छ।

अर्कोतिर उच्च जोखिममा रहेका समूहहरूको यौनरोग, एचआइभी रोकथाम र उपचार सेवामा सहज पहुँचका लागि सूचना, सञ्चार र परामर्श सेवालाई विस्तार गर्न जरुरी छ।

उनीहरूको सुरक्षित जीवनशैलीका लागि व्यवहार परिवर्तनमा जोड दिने कार्यक्रम बढी प्रभावकारी भएका छन्। समुदायस्तरमा उपलब्ध एचआइभी रोकथाम र उपचार सेवाको नतिजामूलक अनुगमन र सहभागितामूलक मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै तथ्यमा आधारित रोकथामका रणनीति र कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ।

यीबाहेक उपलब्ध स्रोतको पारदर्शिता, समतामूलक वितरण र परिचालनमा थप सुधार गर्नुपर्छ। गुणात्मक एकीकृत एचआइभी सेवाको निरन्तरता सुनिश्चित गर्न आन्तरिक स्रोत परिचालन पर्याप्त रुपमा बढाउन सकिएको छैन। त्यसैले एचआइभी कार्यक्रमको बजेट तर्जुमा र योजना प्रक्रियामा प्रादेशिक र स्थानीय सरकारको क्षमता बढाउँदै सार्वजनिक–निजी साझेदारीको अवधारणालाई प्रवद्र्धन गर्नुपर्छ। यसले राष्ट्रिय अपनत्व पनि बढाउँछ।

**बहुक्षेत्रीय समन्वय र सहकार्य**

राष्ट्रिय एचआइभी रणनीतिका आधारमा प्रदेश र स्थानीय तहमा बृहत् कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन लागि स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र, राष्ट्रिय समन्वय संयन्त्र, ग्लोबल फण्ड, विश्वस्वास्थ्य सङ्गठनलगायत अन्य दातृ निकायसँग समन्वय र सहकार्य अझै सुदृढ बनाउनुपर्ने देखिन्छ। एचआइभी सङ्क्रमित बालबालिकाका लागि आवश्यकपर्ने शिक्षा स्वास्थ्य र पोषणका लागि सामाजिक संरक्षणका कार्यक्रम अझै पनि सीमित छन्। प्रदेश र स्थानीय सरकारले एचआइभी रोकथामका प्रमुख सवाललाई सम्बोधन गर्दै आवश्यक स्रोत परिचालनका लागि बलियो राजनीतिक नेतृत्व, प्रतिबद्धता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्नुपर्छ।

एचआइभी–एड्स जनस्वास्थ्यको मात्र सवाल होइन, यो दिगो मानवीय विकास दिगो विकाससँग जोडिएको महत्वपूर्ण चुनौती हो। त्यसैले यसको समाधानका लागि सबैको जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। स्रोतको अभावले प्रभावित व्यक्ति, परिवार र समुदायले थप सङ्कट भोग्नुपर्ने अवस्था हुनु विडम्बना हो।

तसर्थ राज्यले बनाउने एचआइभी–एचआइभी रणनीतिले बलियो राजनीतिक प्रतिबद्धतासहित समावेशी र जनकेन्द्रित पद्धतिलाई प्रवद्र्धन गर्दै स्पष्ट कार्ययोजना बनाउनुपर्ने देखिन्छ। एचआइभीसँग जोडिएका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र संरचनागत असमानता न्यूनीकरण गर्न समुदायको अर्थपूर्ण सहभागिता सुदृढ गर्दै अधिकारमा आधारित बहुक्षेत्रीय समन्वय र सहकार्य अपरिहार्य छ।

# वीरगंज महानगरको पुँजीगत खर्च क्षमतामा लगातार ह्रास

***वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले सङ्घ तथा प्रदेश सरकारबाट पुँजीगततर्फ आउने बजेट समयमै निकासा नहुँदा पनि पुँजीगत खर्च चाहेजस्तो खर्च हुन नसकेको बताए। 'सङ्घ तथा प्रदेश सरकारबाट आउने विभिन्न अनुदानबापतको रकम खर्च गर्न पनि विभिन्न खालका बाधा अड्चन आउने गरेका छन्। हामीले सकेसम्म समन्वय गरेर पुँजीगत खर्च अघि बढाउने प्रयास गरिरहेका छौँ,' उनले भने।***

वीरगंज महानगरले आर्थिक वर्ष २०८१–८२ का लागि पुँजीगततर्फ एक अर्ब ४३ करोड १६ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो। तर महानगरले ६७ करोड ७३ लाख रुपैयाँ मात्र खर्च गरेको छ। जबकि महानगरले सोही आवमा चालु खर्चतर्फ भने दुई अर्ब ४१ करोड २१ लाख रुपैयाँ विनियोजन गरेकोमध्ये एक अर्ब ८५ करोड ५८ लाख रुपैयाँ खर्च गरेको थियो। वीरगंज महानगरले गत आवमा मात्र होइन, पछिल्ला तीन आवमा पुँजीगत खर्च गर्ने क्षमतामा क्रमशः ह्रास आइरहेको छ।

वीरगंज महानगरले आव २०८०–८१ मा पुँजीगत खर्चतर्फ एक अर्ब छ करोड ९२ लाख रुपैयाँ बजेट विनियोजन गरेकामा मुस्किलले ६८ करोड एक लाख रुपैयाँ मात्र खर्च गर्न सकेको थियो।

त्यस आवमा पुँजीगत बजेटमध्ये महानगरले प्रथम त्रैमासिकमा २१ दशमलव ४० प्रतिशत, दोस्रो त्रैमासिकमा १६ दशमलव ५४ प्रतिशत र तेसो त्रैमासिकमा १४ दशमलव ४४ प्रतिशत पुँजीगत खर्च गरेको थियो भने चौथो त्रैमासिकमा भने ४७ दशमलव ६२ प्रतिशत खर्च गरेको छ।

महालेखापरीक्षक कार्यालयको ६२औँ वार्षिक प्रतिवेदनले महानगरले आव २०८०–८१ मा भएको कुल पुँजीगत खर्चमध्ये ३६ दशमलव ६२ प्रतिशत खर्च–भुक्तानी असार महिनामा भएको औँल्याएको छ। 'आर्थिक वर्षको अन्त्यमा वर्षायाम सुरु भएपछि विकास निर्माण दिगो र गुणस्तरीय नहुने र कार्यबोझ बढी हुने भएकाले प्रत्येक त्रैमासिकमा समानुपातिक रूपमा खर्च गर्नुपर्ने सुझाव दिँदै आएकामा सुधार भएको छैन,' महालेखापरीक्षक कार्यालयको प्रतिवेदनमा भनिएको छ।

पुँजीगत अपेक्षाकृत खर्च गर्न नसकेको महानगरले चालुतर्फको उत्साहजनक ढङ्गले खर्च गरेको देखिन्छ। आव २०८०–८१ मा महानगरले चालु खर्चतर्फ दुई अर्ब ९६ करोड ६२ लाख रुपैयाँ विनियोजन भएको थियो। सोमध्ये एक अर्ब ७५ करोड ५८ लाख रुपैयाँ खर्च गरेको छ। महानगरले आव २०७९–८० मा पुँजीगत खर्चतर्फ एक अर्ब ८७ करोड ८६ लाख रुपैयाँ विनियोजन गरेकामा त्यस आवमा एक अर्ब २६ करोड ७० लाख रुपैयाँ खर्च गरेको छ। जबकि सोही आवमा चालु खर्चतर्फ भने दुई अर्ब ५७ करोड १० लाख रुपैयाँमध्ये दुई अर्ब २८ करोड ८९ लाख रुपैयाँ खर्च गरेको छ।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले सङ्घ तथा प्रदेश सरकारबाट पुँजीगततर्फ आउने बजेट समयमै निकासा नहुँदा पनि पुँजीगत खर्च चाहेजस्तो खर्च हुन नसकेको बताए। 'सङ्घ तथा प्रदेश सरकारबाट आउने विभिन्न अनुदानबापतको रकम खर्च गर्न पनि विभिन्न खालका बाधा अड्चन आउने गरेका छन्। हामीले सकेसम्म समन्वय गरेर पुँजीगत खर्च अघि बढाउने प्रयास गरिरहेका छौँ,' उनले भने।

प्रमुख सिंहले मुलुकका अन्य महानगरको तुलनामा वीरगंज महानगरमा सङ्घीय सरकारबाट ठूला परियोजना नपर्दा यहाँ विकास निर्माणका ठूला काम हुन नसकिरहेको गुनासो गरे।

'वीरगंजबाट सङ्घीय सरकारले रु दुई खर्बभन्दा धेरै राजस्व सङ्कलन गर्ने भएता पनि सङ्घीय सरकारले यहाँको विकास निर्माणको लागि ध्यान दिनसकेको छैन,' उनले भने, 'विकासमा भएको विभेदको अन्त्य गर्दै यहाँ पनि ठूला खालका कार्यक्रम ल्याउन आह्वान गर्दछु।'

प्रमुख सिंहले महानगरको आन्तरिक स्रोतबाट शिक्षक, कर्मचारी र स्वास्थ्यकर्मीलगायतका तलबभत्ता खुवाउनुपर्दा पनि विकास निर्माणको काम बेलाबखतमा प्रभावित हुने गरेको बताए। महानगरका लेखा अधिकृत रुपनारायण राउतले झन्झटिलो सार्वजनिक खरिद प्रक्रिया, पुँजीगत खर्च असार अन्तिममा मात्र निकास हुने प्रवृत्ति र समयमै ठेक्का व्यवस्थापनलगायत कारणले महानगरको पुँजीगत खर्च अपेक्षाकृत ढङ्गले हुन नसकेको बताए। 'चालु आवको पहिलो चौमासिकसम्म पुँजीगत लक्षित छुट्याइएको बजेट तथा कार्यक्रमको सम्पूर्ण बोलपत्र प्रक्रिया टुङ्गो लाग्नुपर्ने हुन्छ,' उनले भने, 'स्रोत सुनिश्चितताको अभाव र ठेक्का व्यवस्थापनमा आउने विभिन्न थरिका उल्झनले पनि पुँजीगत खर्च हुन सकिरहेको छैन।'

लेखा अधिकृत राउत स्थानीय सरकारले खर्च गर्ने पद्धतिमा पनि उल्लेखनीय सुधार ल्याउनुपर्ने बताउँछन्। महानगरसँग तरलताको अभाव र अन्य विविध कारणले पनि विभिन्न समस्या देखापर्दै आइरहेका छन्।

सङ्घीयता तथा स्थानीय शासनविद् डा खिमलाल देवकोटाले स्थानीय तहमा प्रमुख–उपप्रमुख र अध्यक्ष–उपाध्यक्ष बीचमा समन्वय र सहकार्य अभावका कारणले पनि बजेट निर्माणदेखि कार्यान्वयनको तहसम्मै असर पार्दै आइरहेको बताए। 'स्थानीय तहले समयमै बजेट ल्याउने र पास गर्ने संस्कारमा ह्रास हुँदै आइरहेको छ,' उनले भने, 'स्थानीय तहले बजेटलाई अबण्डामा राख्नुभएन। बजेट चक्रअनुसार पालना गर्दै अघि नबढ्दा पनि तोकिएको समयमै पुँजीगत खर्च गर्ने क्षमतामा समेत समस्या देखिँदँ आइरहेको छ।' बजेट निर्माण र खर्च गर्ने परिपाटीमा पनि पारदर्शी, बजेट निर्माण गर्दा पनि सबै वडाको सामाजिक, आर्थिक, पूर्वाधार विकासमा ध्यान दिनुपर्ने हुन्छ।

महालेखापरीक्षकको कार्यालयको ६२औँ प्रतिवेदनले पनि वीरगंज महानगरलाई स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासभित्र खरिद सम्झौता नगरी आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको गुणस्तरमा समेत प्रतिकूल असर पर्न सक्ने हुँदा नियमानुसार समयमा नै ठेक्का सम्झौता गरी कार्यतालिकाअनुसार कार्य गर्न सुझाव दिएको छ।

महालेखापरीक्षक कार्यालयको प्रतिवेदनले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४ ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने व्यवस्था भएकामा उप्रमुखबाट योजना अनुगमन गरी प्रतिवेदन पेस नगरेको समेत देखिएको छ।

त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु १० करोडभन्दा बढी रकमको वस्तु, निर्माण, परामर्शलगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा महानगरले आव २०८०–८१ मा ६८ करोड एक लाख २२ हजार रुपैयाँको सार्वजनिक खरिद व्यवस्थापन गरेकामा खरिद गुरुयोजना तयार गरेको देखिएको छैन।

# उपराष्ट्रपति यादव स्वागत समारोहमा सहभागी



**काठमाडौँ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादव संयुक्त अरब इमिरेट्स (युएई)को ५४औँ राष्ट्रिय दिवसका अवसरमा शनिबार साँझ यहाँ आयोजित विशेष समारोहमा सहभागी भए।

नेपालका लागि संयुक्त अरब इमिरेट्स (युएई)का राजदूत अबदुल्ला सइद मुवारक जरवान अल शाम्सीले आयोजना गरेका उक्त समारोहमा मन्त्रिपरिषद्का सदस्य, संवैधानिक अङ्गका प्रमुख, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, उद्योगपति, कामको सिलसिलामा यहाँ रहेका युएईका नागरिक तथा वरिष्ठ सञ्चारकर्मीहरूको उपस्थिति थियो।

त्यस अवसरमा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै राजदूत अल शाम्सीले युएई र नेपालबीचको सम्बन्ध आपसी सद्भाव, सम्मान र साझा हितमा आधारित रहेको तथा दुवै देश जलवायु परिवर्तन, विश्व शान्ति तथा आतङ्कवादविरुद्धको लडाइँमा एकै स्थानमा रहेका बताए।

विसं २०७२ को भूकम्प, कोभिड–१९ महामारीका साथै बाढीपहिरोजस्ता प्राकृतिक विपत्तिका बेला नेपाललाई आफ्नो मुलुकले सहयोग गर्दै आएको उनले बताए।

युएईमा रहेका धैरै नेपालीले नेपालका साथै आफ्नो मुलुकको आर्थिक विकासमा योगदान गरेका चर्चा गर्दै राजदूत अल शाम्सीले नवीकरणीय ऊर्जा, पर्यटन, भौतिक पूर्वाधार र मानव संशाधन विकासका क्षेत्रमा नेपाललाई मद्दत गर्दै आएको बताए।रासस

# मन्त्री घिसिङद्वारा सम्झौताअनुसार भवन निर्माण सम्पन्न गर्न निर्देशन

**विराटनगर।**
जलस्रोत तथा ऊर्जा, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले विराटनगरस्थित कोशी अस्पतालको निर्माणाधीन भवन तोकिएको समयसीमाभित्र तयार गर्न निर्देशन दिएका छन।

सो अस्पताल निरीक्षणका क्रममा मन्त्री घिसिङले निर्माणाधीन अवस्थामा रहेका दुई वटा भवन निर्धारित समयमै तयार गरी हस्तान्तरण गर्न निर्माण व्यवसायीलाई निर्देशन दिएका हुन।

बिरामीको चापलाई दृष्टिगत गरी निर्माण प्रक्रिया सुरु भएको सो अस्पतालको नयाँ भवन बनाउने काम ढिलो भएको भन्ने प्राप्त गुनासोलाई सम्बोधन गर्नेक्रममा उनले अस्पताल प्रशासन र निर्माण व्यवसायीलाई काम छिटो सक्न निर्देशन दिए।

सो अस्पतालाका लागि निर्माणाधीन अवस्थामा रहेको दुई अर्ब ४५ करोड रुपैयाँ लागतको ११ तले भवनको ३५ प्रतिशत र ३८ करोड रुपैयाँ लागतको चार तले भवनको ६० प्रतिशत मात्र काम सम्पन्न भएको सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय विराटनगरले जनाएको छ।

निर्माण व्यवसायी केसी एवं रमण कन्स्ट्रक्सनले करिब चार वर्षअघि निर्माण सुरु गरेको उक्त भवन काम सम्पन्न गरी यसैवर्ष हस्तान्तरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ।

सो अवसरमा कोशी अस्पतालका प्रमुख डा रुणा झा र सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय विराटनगरका डिभिजनल इञ्जिनियर सुरेन्द्र साहले मन्त्री घिसिङलाई अस्पतालको वस्तुस्थिति र भवन निर्माणसम्बन्धी जानकारी गराएका थिए। रासस

# कुनै धर्म वा समुदायलाई होच्याउने मेरो आशय र नियत होइनः प्रधानमन्त्री

**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले कुनै पनि धर्म वा समुदायलाई होच्याउने आफ्नो आशय र नियत नभएको बताकी छन।

सामाजिक सञ्जाल (फेसबुक)मार्फत लैङ्गिक हिंसाविरुद्धको १६दिने अभियान शुभारम्भ गर्नेक्रममा व्यक्त गरिएको अभिव्यक्तिलाई लिएर विभिन्न पक्षबाट भइरहेका टीकाटिप्पणीका सन्दर्भमा प्रधानमन्त्री कार्कीले भनिन, ‘कुनै पनि धर्म वा समुदायलाई होच्याउने मेरो आशय र नियत होइन, छैन।’

प्रधानमन्त्री कार्कीले सबै धर्मप्रति आफ्नो उत्तिकै सम्मान रहेको स्पष्ट गर्दै विद्यमान विषम परिस्थितिमा शान्ति, सद्भाव र सहिष्णुता कायम राख्ने अभियानमा साथ दिन सम्पूर्ण देशवासीसँग अनुरोध पनि गरेका छन ।रासस

# एमाले महाधिवेशनःकञ्चनपुरमा एक स्थानमा सर्वसम्मत, दुईमा निर्वाचन

**महेन्द्रनगर।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को एघारौँ महाधिवेशनका लागि कञ्चनपुरका तीनवटै निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि छनोट भएका छन्।

निर्वाचन क्षेत्र नं २ मा सर्वसम्मत प्रतिनिधि चयन भए पनि निर्वाचन क्षेत्र नं १ र ३ मा भने शनिबार निर्वाचन भएको छ।

क्षेत्र नं १ बाट खुला सदस्यतर्फ ४९८ मतसहित पल्लबराज भट्ट र ६३९ मतसहित वीरबहादुर थापा निर्वाचित भएका छन।

यसैगरी महिलातर्फ कमला चौधरी ५१७ मत र कल्पना गिरी ५१४ मतसहित निर्वाचित भएका हुन। साथै, युवातर्फबाट काशीराम बोहरा ५२१ मतसहित महाधिवेशन प्रतिनिधिका लागि छनोट भएका छन।

त्यसैगरी निर्वाचन क्षेत्र–२ मा भने पाँच जना सर्वसम्मत भएका छन् । खुला सदस्यमा रणबहादुर महरा र वचनबहादुर सिंह सर्वसम्मत चयन भएका हुन। महिलातर्फ लक्ष्मी बुढा र पार्वती जोशी सर्वसम्मत चयन भएका छन । युवातर्फबाट पनि प्रवीण बोगटी चयन भएका छन।

क्षेत्र नं ३ बाट खुला सदस्यतर्फ डा दीपकप्रकाश भट्ट ५६७ र जनकराज अवस्थी ३३७ मतसहित निर्वाचित भएका छन। दलिततर्फ आरपी सार्की तथा युवातर्फ ओम बस्नेत निर्वाचित भएका हुन। रासस

# सार्वजनिक सेवालाई जनमुखी बनाउनुपर्नेमा जोड

**काठमाडौँ ।**
पछिल्लो समय विदेशी दातृ निकायबाट प्राप्त सहयोगमा कमी आइरहेका बेला आन्तरिक स्रोत परिचालन गरी आर्थिक वृद्धि र रोजगारी सिर्जनालगायत सुशासन एवं सार्वजनिक सेवालाई जनमुखी बनाउनुपर्नेमा जोड दिइएका छन ।

‘सहमति’ नामक गैरसरकारी संस्थाको आयोजनामा नेपालमा सञ्चालित अन्तरराष्ट्रिय विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरु सहभागी कार्यक्रममा वक्ताहरुले सहयोगी संस्थाबीच साझेदारी र नवप्रवद्र्धनको आवश्यकतामा जोड दिएका हुन ।



विश्वव्यापी कोरोना महामारी र रसिया–युक्रेन युद्धका कारण विभिन्न दातृ मुलुकले सहयोग क्रमशः घटाउँदै लगिरहेका सन्दर्भमा नेपालमा सञ्चालित परियोजनाको कार्यान्वयन स्थिति र भावी योजनाकाबारेमा कार्यक्रममा छलफल भएको थियो ।

‘नेपालमा विकास प्राथमिकता र बदलिँदो अवस्था’ विषयक सो अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले दातृ मुलुकका सरकारीस्तरबाट आउने सहयोगमा कमी आए पनि व्यक्तिगत र संस्थागत रुपमा आउने सहयोग नघटेकाले निराश हुनुपर्ने अवस्था नरहेको उल्लेख गरे ।

सधैँ विदेशी अनुदानमा मात्रै निर्भर नभई सरकारीस्तरबाट विनियोजन भएको बजेटको परिचालन गरेर पनि गरिबी निवारण, रोजगारी सिर्जनाबाट जनताको जीवनस्तर अभिवृद्धि गर्न सकिने अवस्थालाई पनि वक्ताहरुले जोड दिएका थिए । नेपाल सरकारको प्राथमिकतामा आएको अनुदान सहयोगको उपयोग हुन नसक्दा कतिपय कार्यक्रम कार्यान्वयन नै नहुने, सुशासनको अभाव, झन्झटिलो प्रक्रियाले ढिलासुस्ती र अनियमितता हुने गरेका कारण केही देशहरुले सहयोगलाई घटाउँदै लगेको सो अवसरमा जानकारी दिइयो ।

कार्यक्रममा विश्व वन्यजन्तु कोष(डब्लुडब्लुएफफ) नेपालका राष्ट्रिय निर्देशक डा घनश्याम गुरुङले विगतमा राष्ट्रिय/अन्तरराष्ट्रिय गैससहरुको सहयोगका कारण नेपालको गरिबीमा कमी आर्थिकस्तरमा सुधार आउन सकेको बताउँदै वातावरणका क्षेत्रमा नेपालले हासिल गरेको सफलता विश्वमै उदाहरणीय रहेको उल्लेख गरे ।

विकसित देशमा पनि गैससको भूमिका उत्तिकै रहेकाले नेपालमा अझै यसको भूमिका आवश्यक रहेको उनको भनाइ थियो ।

सहमतिका अध्यक्ष होमनाथ सुवेदीले अन्तरराष्ट्रिय दातृ निकायले अनुदानलाई भन्दा लगानीमा जोड दिन थालेको सन्दर्भमा हामीले पनि त्यसको उपयोग गर्दै आफ्ना मौलिक अभ्यासलाई प्राथमिकता दिनुपर्ने धारणा राखे ।

विगत २४ वर्षमा सहमतिले देशका ५२ जिल्लामा गरेका विभिन्न ११३ वटा कार्यक्रमका सफल अभ्यासबाट स्थानीय बासिन्दामा शान्ति र खुशियाली ल्याउन सकिएको अनुभव सुनाए ।

कार्यक्रममा विकास अभियन्ता अच्युत लुइँटेलले राष्ट्रिय अन्तरराष्ट्रिय जगतमा आएको परिवर्तनका सन्दर्भमा विकासका प्राथमिकता, गैससको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

नेपालस्थित बेलायती दूतावासका युगान मानन्धर, विनरक इन्टरनेशनलका बद्री बराल, युनाइटेड मिसन टु नेपालका गोकर्ण जोशी, सहमतिका प्रेमसागर सुवेदीलगायत प्रतिनिधिहरुले पनि हालै भएको जेन्जी आन्दोलनको भावनालाई आत्मसात् गरी सुशासन र भ्रष्टाचार अन्त्य हुनसकेमा गैससहरुले स्वदेशी तथा विदेशी लगानीअनुसार जनताको जीवनस्तरमा सुधार ल्याउन सकिने धारणा राखे । रासस

# एनआरएनएबीचको ऐतिहासिक एकता दिगो कायम होसः सञ्चारमन्त्री खरेल

**काठमाडौँ ।**
गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)बीच ऐतिहासिक एकता घोषणा भएका छन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतवार प्रधानमन्त्री सुशीला कार्की र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको उपस्थितिमा एनआरएनएको एकतासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

११औँ महाधिवेशनबाट निर्वाचित डा बद्री केसी र अध्यक्ष महेश श्रेष्ठबीच बृहत एकताको सम्झौतामा हस्ताक्षर भएको छ । सञ्चारमन्त्री खरेलको विशेष पहल र अग्रसरतामा एनआरएनका दुई समूहबीच एतिहासिक एकता कायम भएको हो । सहमति पत्रमा ११औँ अन्तरराष्ट्रिय महाधिवेशनबाट निर्वाचित कार्यसमितिका अध्यक्ष बद्री केसी र एकताको महाधिवेशनबाट निर्वाचित कार्यसमितिका अध्यक्ष महेशकुमार श्रेष्ठले हस्ताक्षर गरेका छन ।



सो अवसरमा सञ्चारमन्त्री खरेलले बृहत एकतालाई दिगो बनाउन आग्रह गरे । उनले भने, ‘आज एनआरएनएबीच बृहत एकताको हस्ताक्षर भएको छ । यो हस्ताक्षर कागजमा भएको छ । यो हस्ताक्षर मन र मस्तिस्क दुवैमा कायम रहोस् ।

व्यवहारिक कार्यान्वयन र दिगो रुपमा एकता अगाडि बढोस् । फुटेर हैन, जुटेरै अगाडि बढ्न सकिन्छ । एकता सम्भव बनाउन भूमिका खेल्ने सबैप्रति धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु ।’

सञ्चारमन्त्री खरेलले एनआरएनएको एकताले ८० लाख गैरआवासीय नेपालीलाई सकारात्मक सन्देश दिएको उल्लेख गरे । उनले भने, ‘नेपालमा एनआरएनएको स्थापनाको आरोह अवरोहमा छुट्टै अझ, गरिमा, विश्वास र सम्मान यहाँहरुले कामय गर्नुभएको थियो । पछिल्ला वर्षमा यो खस्किदै गयो । किनकी एनआरएनएबीच विभाजन आयो । अहिले एउटा ठूलो अवसर आएको छ । एनआरएनलाई पार्टी भन्दामाथि उठेर जनताको संस्थाको रुपमा स्थापित गराउनुस् ।’

मन्त्री खरेलले भूकम्प, नाकाबन्दी, कोरोना भाइरस महामारीलगायत विपद्का समयमा गरिआएको सहयोग सराहनीय रहेको भन्दै एनआरएनलाई राजनीतिभन्दामाथि उठेर मुलुकको आर्थिक समृद्धिका लागि बढीभन्दा बढी लगानी भित्र्याउन पहल गर्न आग्रह गरे । उनले एनआरएनएले जोखिम मोलेर गरिरहेको लगानीको प्रसंशासमेत गरे । मन्त्री खरेलले एनआरएनएले उठाएको मुद्दालाई सरकारकोतर्फबाट सहजीकरण गर्ने विश्वास व्यक्त गरे ।

एनआरएनएका अध्यक्ष डा केसीले एनआरएनएबीचको एकताले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा सकारात्मक सन्देश दिएको भन्दै नेपालको आर्थिक विकासमा सक्रिय ढङ्गले लाग्ने प्रतिबद्धता जनाए । उनले एनआरएनएलाई अब राजनीतिक कोणबाट कहिल्यै विभाजन नहुनेगरी कानुनी व्यवस्था हुनुपर्नेमा जोड दिए ।

अध्यक्ष केसीले भने ‘हामी चार वर्ष अलमलिएका थियौँ, संस्थाभित्र मतान्तर थियो । तर पनि सोच र कार्यशैलीबाट भिन्न थिएनौँ, यो एकताले संस्थालाई बलियो बनाएको छ । यो एकता भनेको अठोट र विश्वासको हो सम्पूर्ण ८० लाख नेपालीको एकता पनि हो ।’

डा केसीले एनआरएनएबीचको एकतालाई यो अवस्थामा ल्याउन विशेष भूमिका निर्वाह गर्नुहुने सञ्चारमन्त्री खरेललाई विशेष धन्यवाद ज्ञापन गरे । अध्यक्ष श्रेष्ठले बृहत एकताको घोषणाले गैरआवासीय नेपालीबीचको भावनात्मक एकता भई समृद्ध नेपाल निर्माणमा सक्रिय भएर जुट्न प्रेरणा मिलेको बताए । उनले भने ‘लामो समयको बेइमेल र असमझदारीलाई यस एकताको सम्झौताले चिर्नेछ । एकतालाई दिगो बनाएर, ज्ञान, सीप र पुँजी नेपाल भित्र्याउन मद्दत पुग्नेछ ।’

एनआरएनए पछिल्लो केही वर्षदेखि केसी र श्रेष्ठको नेतृत्वमा क्रियाशील रहँदै आएकामा दुवै संस्थाको नेतृत्व दश बुँदे सहमति गर्दै एकताबद्ध भएका छन् । एकतापछि अबको चार महिनाभित्र १२औँ महाधिवेशन गर्ने सहमति जुटेको छ ।रासस

# गैरआवासीय नेपाली सङ्घको एकता कोशेढुङ्गा सावित हुनेछः प्रधानमन्त्री कार्की

**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले गैरआवासीय नेपाली सङ्घको एकता घोषणा कोशेढुङ्गा सावित हुने बताएका छन।

गैरआवासीय नेपाली सङ्घ, अन्तरराष्ट्रिय समिति (एनआरएनए)को एकता घोषणा कार्यक्रमलाई आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले गैरआवासीय नेपालीको हित र आवश्यकता बुझेर जहाँ रहे पनि नेपाली हुँ भन्ने भावना देखाएर नेपालको विकास र उन्नतिमा लाग्न आह्वान गरे।

प्रधानमन्त्री कार्कीले गैरआवासीय नेपालीले संविधान र कानुनबमोजिम पाउने हक र सुविधामा सरकारले सक्दो वातावरण मिलाउने विश्वास दिलाए । ‘विदेश बसेर काम गर्न नेपालीलाई दुःख पनि छ । मेहनतपछि सफलता पाइन्छ।

विदेशमा बस्ने नेपालीलाई आफ्नो मुलुक र माटोको माया हुन्छ । तपाईंहरुले आफ्नो माटोका लागि के–कति गर्न सक्नुहुन्छ गर्नुहोस’, प्रधानमन्त्री कार्कीले भने ‘जेन्जी आन्दोलनका क्रममा राष्ट्रिय सम्पदालगायत धैरै क्षति भएको छ । शान्त तलाउमा ढुङ्गा हानिए जस्तो भएको छ। यसको मूल्याङ्कन गर्नुपर्ने भएको छ । मुलुकको हित र विकासका लागि तपाईंहरूको थप सहयोग र सुझावको अपेक्षा गरेका छौँ।’

उनले निर्वाचनमा हार्नेले जित्नेलाई काम गर्न दिनुपर्ने र हार्नेले अर्कोपटक अवसर र जिम्मेवारी पाइएला भन्ने सोचेर राम्रो काम गर्न लाग्नुपर्ने र सङ्घको एकताबाट राजनीतिक दलहरूले पनि सिक्नुपर्नेमा जोड दिए।रासस

# एमालेको महाधिवेशनका लागि मकवानपुरबाट प्रतिनिधि चयन

**बागमती।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ महाधिवेशनका लागि मकवानपुर क्षेत्र नं १ मा निर्वाचनमार्फत प्रतिनिधि चयन भएका छन । हेटौँडामा सम्पन्न निर्वाचनमा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेल पराजित भएका छन । महाधिवेशन प्रतिनिधिका लागि अध्यक्ष पोखरेलसहित २२ जना प्रतिस्पर्धामा भएका छन । जसमध्ये आठ जना निर्वाचित भएका हुन।

निर्वाचनबाट नवीन सिग्देल, फुर्वा दोर्जे लामा, सुनील मोक्तान, अणराज जर्गामगर, आरती पाठक, सीता विष्ट, विनाकुमारी थिङ र बोलबहादुर कार्की निर्वाचित हुनुभएको प्रमुख निर्वाचन अधिकृत सूर्यप्रसाद न्यौपानेले जानकारी दिए। निर्वाचित सिग्देल, लामा र मोक्तान क्रमशः हेटौंडा उपमहानगरपालिका–४, १० र १५ का वडाध्यक्षसमेत हुन। यस्तै मकवानपुर क्षेत्र नं २ बाट बलराम बल, एकालाल श्रेष्ठ, हिदम लामा, विदुर हुमागाईं, सुमित्रा काफ्ले, भगवती पुडासैनी, गीता प्रजा र रोहन लामा निर्विरोध चयन भएको छन ।रासस

# हुप्सेकोटका तीन हजार किसान काँक्रा बेचेर कुस्त कमाउँदै



**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका–१ जुकेपानीका किसान काँक्रा टिप्न र बिक्री गर्न व्यस्त छन् । स्थानीय रवीन्द्र रजालीले विगत २६ वर्षदेखि व्यावसायिक रूपमा काँक्राखेती गर्दै आएका छन । दुई बिघामा खेती गरेका उनले लागत खर्च कटाएर वार्षिक २० लाख रुपैयाँ सम्म आम्दानी हुने गरेको बताए । उनले भने, 'एक बाली धान लगाएर काँक्रा लगाउने गरेकामा अहिले तीन बालीसम्म काँक्रामात्रै लगाउने गरेका छौँ ।' तरकारी सुपरजोन कार्यक्रमका संयोजक तथा किसान थमन रजालीका अनुसार हुप्सेकोट गाउँपालिकामा करिब तीन हजार किसान काँक्राखेतीमा संलग्न छन् । रजालीले भने, 'हामीले १४ वर्षदेखि काँक्राखेती गरिरहेका छौँ । यस वर्ष ८० टनभन्दा बढी बिक्री गर्ने लक्ष्य छ ।' कार्यक्रमका संयोजक रजालीका अनुसार कृषि पकेट क्षेत्रका रूपमा परिचित हुप्सेकोट गाउँपालिकाको वडा नं १ मा अधिकांश किसानले काँक्रा फलाउने गरेका छन् । उनीहरूको व्यावसायिकता साँच्चिकै लोभलाग्दो छ । वर्षमा तीन बाली काँक्राखेती गर्ने उनीहरूलाई आर्थिक अभाव विरलै हुन्छ ।

धान बालीमात्र लगाउँदै आएकी दिलमाया परियारले काँक्राबाट मनग्ये आम्दानी गर्न सकिने थाहा पाएपछि छ वर्षदेखि व्यावसायिक रूपमा काँक्राखेती लगाउँदै आएका छन । 'दुई कट्ठामा लगाएको काँक्राबाट खर्च कटाएर वर्षमा दुई लाख रुपैयाँ सम्म आम्दानी हुने गरेको छ', परियारले भने । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका अनुसार हुप्सेकोट गाउँपालिकाको वडा नं १, २, ३ र ४ मा तीन सय ५० हेक्टर क्षेत्रफलमा भक्तपुरे लोकलसहित अन्य काँक्राको व्यावसायिक खेती हुने गरेको छ । भदौको अन्तिमदेखि फागुनसम्म निरन्तर उत्पादन हुने काँक्रा काठमाडौँ, बुटवल, नारायणगढलगायतका ठूला बजारमा बिक्रीका लागि लगिने गरिएको छ ।
समूहसँगै व्यवसाय दर्ता गरी काँक्राखेतीमा रमाएका किसानलाई ५० प्रतिशत अनुदानमा बीउ, प्लास्टिक मल्चिङ्ग, प्याकेजिङ प्लास्टिक, तराजु, डोरीलगायत सामग्री गाउँपालिकाले सहयोग गर्दै आएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताईन ।
गाउँपालिका क्षेत्रबाट उत्पादन हुने सागसब्जी बजार पु¥याउन पनि पालिकाले सहयोग गर्दै आएको छ ।रासस

# अर्मनमा अलैँचीखेतीको परीक्षण सफल



**म्याग्दी।**
म्याग्दीको मङ्गला गाउँपालिका–५ अर्मनमा परीक्षणका रूपमा लगाइएको अलैँचीखेती सफल भएको छ। परीक्षणका लागि पाँच वर्षअघि गरिएको अलैँचीखेती सफल भएपछि व्यावसायिक रूपमा खेती विस्तार गर्न थालिएको हो। टिकावाङका १२ परिवारले व्यावसायिक अलैँचीखेती गरेका स्थानीय दिलबहादुर थापाले बताए । 'अनुकूल हावापानी, भूगोल, बजार र मूल्य पाइने भएपछि बाँझिएको ओसिलो जमिनमा झाँडी फाँडेर अलैँचीखेती विस्तार गर्न थालेका छौँ', अलैँचीखेती गर्दै आएका उनले भने 'यसवर्ष एकजना किसानले बढीमा चार क्विन्टलसम्म अलैँची बेचेका छन्।'
थापाले घरबाटै प्रतिकिलो एक हजार ९५० रुपैयाँ का दरले तीन सय ८० किलो अलैँची बिक्री गरेको जानकारी दिए । उनले परीक्षणका लागि विसं २०७४ मा अलैँचीखेती सुरु गरेका थिए । यसवर्ष टीकावाङका शेरबहादुर थापाले ८० किलो र दुर्गाबहादुर थापाले १५ किलो अलैँची बिक्री गरेका छन । एकजना किसानले न्यूनतम दुईदेखि १० किलो अलैँची बिक्री गरेका छन्।
अर्मनको टिकावाङका साथै खोलाखर्कमा पनि अलैँचीखेती गरिएको छ । म्याग्दीको अन्य ठाउँमा अलैँचीखेती भएको छैन् । मङ्गला गाउँपालिकाको कृषि शाखाका प्राविधिक जगत बानियाँले जिल्लाको अर्मनमा मात्र व्यावसायिक अलैँचीखेती भएको बताए । अर्मनमा अलैँचीखेतीको परीक्षण सफल भएपछि किसान उत्साहित भएका उनको भनाइ छ।
यहाँबाट वार्षिक १५ लाख रुपैयाँ मूल्य बराबरको अलैँची बिक्री हुने गरेको कृषि शाखाका प्राविधिक बानियाँले जानकारी दिए । प्रशस्त अलैँची उत्पादन गर्नसके बजारको समस्या नरहेको उनको भनाइ छ । पूर्वी नेपालको कोशी प्रदेशको पहाडी जिल्लामा खेती हुँदै आएको अलैँचीलाई 'कालो सुन' भन्ने गरिन्छ । कृषि प्राविधिकका अनुसार समुद्री सतहबाट ८०० देखि एक हजार ८०० मिटर उचाइको ओसिलो ठाउँमा अलैँचीखेती हुन्छ।
वार्षिक दुई हजारदेखि दुई हजार ५०० मिलिलिटर वर्षा हुने ठाउँमा अलैँचीखेती उपयुक्त मानिने कृषि शाखाका प्राविधिक बानियाँले जानकारी दिए । 'अलैँचीखेतीका लागि शितोष्ण आद्रता भएको जलवायु चाहिन्छ । नेपालमा रामशाही, गोलशाही र डम्मर शाही जातको अलैँचीखेती हुने गरेको छ', उनले भने।
मङ्गला गाउँपालिकाका अध्यक्ष शतप्रसाद रोकाले टीकावाङ, खोलाखर्कलगायत अर्मनका ओसिलो क्षेत्रलाई अलैँचीको पकेट क्षेत्रका रूपमा विकास गर्न कार्यक्रम सञ्चालन गरिएको बताए । पालिकाले अलैँचीका बिरुवा खरिदमा अनुदान, टिप्ने, भण्डारण गर्ने औजार, उपकरणमा सहयोग, खेतीसम्बन्धी प्राविधिक ज्ञानसीपसहितको तालिम र बजारीकरणमा सहजीकरण गगरिरहेको उनले जानकारी दिए।रासस

# मल्कवाङमा पहिलोपटक बस पुग्यो



**म्याग्दी ।**
भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने जिल्लाको धवलागिरि गाउँपालिका–५ मल्कवाङमा पहिलोपटक बस पुगेको छ । सदरमुकाम बेनीबजारबाटयात्रु बोकेर शनिबार पहिलोपटक ध१ख ३०८ नम्बरको बस मल्कवाङ पुगेको हो ।
बसका धनी जगत दगामी मगर र चालक श्याम मिजारलाई स्थानीयले अबिर र माला लगाएर स्वागत गरेका छन् । धवलागिरि–५ मल्कवाङका वडाध्यक्ष अमर छन्तयालसहित जनप्रतिनिधि, स्थानीय अगुवा, आमा समूह र युवा क्लबका प्रतिनिधिहरूले चालक र सवारीधनीलाई स्वागत गर्नुका साथै खुसीयाली मनाएका हुन् ।
वडाध्यक्ष छन्त्यालका अनुसार विसं २०७८ मा सडक सञ्जालमा जोडिएको मल्कवाङमा यसअघि जिप, ट्याक्टर र मोटरसाइकल मात्र आउने गरेका थिए । गाउँपालिकामार्फत बर्खामा अवरुद्ध सडक मर्मत गर्ने क्रममा अप्ठ्यारो ठाउँमा ग्रेड र घुम्ती मिलाएर बस सञ्चालन गर्न मिल्ने बनाइएको उनले बताए । सडक सञ्जालमा जोडिएको पाँच वर्षपछि मल्कवाङमा बस सञ्चालन हुन थालेको हो । बस सञ्चालन भएपछि स्थानीयवासीले जिपको तुलनामा सस्तो भाडादरमा यात्रा गर्न पाएको भन्दै खुसी व्यक्त गरेका छन् । यसअघि जिपमा मल्कवाङ–बेनी यात्रा गर्दा प्रतिव्यक्ति एक हजार रुपैयाँ भाडा तिर्नुपर्ने बाध्यता थियो ।
बसका लागि प्रतिव्यक्ति भाडादर सात सय ५०रुपैयाँ कायम गरिएको वडाध्यक्ष छन्तयालले जानकारी दिए । 'बेनीबाट मल्कवाङसम्मको दूरी ४५ किमी छ । बस सेवा सञ्चालन भएसँगै मल्कवाङ, भेडिखाल्डा, कुइनेखानी, आरवाङ, घण्टीवाङका तीन सयभन्दा बढी परिवार लाभान्वित भएका छन', उनले भने । असारदेखि असोजबाहेक आठ महिना बस सञ्चालन गर्न मिल्ने गरेर सडक बनाइएको वडाध्यक्ष छन्त्यालले बताए । म्याग्दी यातायात प्रालिले बेनीबाट हरेक बिहान ७ः०० बजे र मल्कवाङबाट बिहान ८ः०० बजे प्रत्येक दिन एउटा–एउटा बस छुट्ने जनाएको छ ।

यसअघि मल्कवाङ, भेडिखाल्टा, आरवाङ, घण्टीवाङ, कुइनेखानीका बासिन्दा पैदलयात्रा गरेर मराङ बैंसी पुगेर बस चढ्ने गर्दथे । मल्कवाङबाट भेडीखाल्टालाई सडक सञ्जालमा जोड्नका लागि धवलागिरि गाउँपालिकाले चालु आर्थिक वर्षको योजना कार्यान्वयनको तयारी गरेको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए । उनका अनुसार उक्त खण्ड विस्तार तथा स्तरोन्नतिका लागि यस वर्ष ३० लाख रुपैयाँ विनियोजन भएको छ ।
भेडिखाल्टामा पनि हालसम्म सडक पुगेको छैन । गण्डकी प्रदेश सरकारले मालिका गाउँपालिकाको बिमलुरवाङ, मराङबैंसी, अर्वाङ हुँदै मल्कवाङ जोड्ने सडक स्तरोन्नतिका लागि बहुवर्षीय योजना सञ्चालन गर्ने लक्ष्यसहित चालु आवमा एक करोड रुपैयाँ विनियोजन गरेको छ ।
प्रदेशसभा सदस्य रेशम जुग्जालीले उक्त बजेटलाई २० प्रतिशत मानेर पाँच करोड रुपैयाँ स्रोत सुनिश्चितता गराई बहुवर्षीय ठेक्का आह्वान गर्नुपर्ने धारणा राखे । लुरवाङबाट मल्कवाङ खण्डको अप्ठ्यारो ठाउँको सडकलाई स्तरोन्नति गरेर सहज बनाउन पहल गरिरहेको उनले जानकारी दिए ।रासस

# बनेपा–हेटौँडा बस सञ्चालनमा आएपछि आवागमन सहजता

**काभ्रेपलाञ्चोक।**
काभ्रेपलाञ्चोकको मुख्य व्यापारिक नगर बनेपाबाट बागमती प्रदेशको राजधानी हेटौँडासम्म बस सेवा सञ्चालन गरेपछि यात्रुलाई सहजता भएको छ। योसँगै बनेपाबाट हेटौँडासम्म जानका लागि विभिन्न मार्ग हुँदै घुमाउँरो सडकबाट जानुपर्ने बाध्यतासमेत हटेको छ।
जिल्लावासीको मागलाई ध्यानमा राखी काभ्रे–पुन्यवती यातायात प्रालि पनौतीले यही मङ्सिर १ गतेदेखि बस सेवा सञ्चालन गरेको हो । बनेपा–हेटौँडा करिब एक सय १० किलोमिटर लम्बाइको दूरीमा अधिकांश सडक कच्ची छन्। यो सेवा प्रभावकारी देखिएपछि बस थप्ने योजना बनाइएको प्रालिले जनाएको छ।
स्थानीयवासीको माग र वडा कार्यालयको सिफारिसपछि सञ्चालनमा आएको उक्त क्यूबसले बनेपाबाट पनौती हुँदै धुङ्खर्क, च्याम्ग्राङबेँसी, सुकमफेदी, सिलिडे, हुचिटार, बेतीनी, साइटार, फापरवारी, हात्तीसड, फर्केचौर, छतिउन, चिसापानी हुँदै हेटौँडासम्म नियमित सेवा दिँदै आएको बेथानचोक गाउँपालिका–१ का वडाध्यक्ष मधुसुधन तिमल्सिना



जानकारी दिए।
उक्त यातायात प्रालिलाई पत्र पठाएर बस सञ्चालनका लागि सहयोग गर्न अनुरोध गरेपछि बनेपा–हेटौँडा सेवा सञ्चालनमा ल्याइएको हो । प्रालिले सेवाको आवश्यकता र प्रभावकारिता हेर्दै आगामी पुसदेखि बस थप्ने योजना बनाएको छ', उनले भने।
वडाध्यक्ष तिमल्सिनाका अनुसार बागमती प्रदेशअन्तर्गतको चितवनस्थित नारायणी यातायात सेवाले समेत बनेपा–हेटौँडा खण्डमा थप बस सेवा सञ्चालन गर्न प्रक्रिया थालेको छ। जिल्लाका जनप्रतिनिधिले सम्बन्धित निकायलाई उक्त खण्डमा अनुमति दिनेलगायत आवश्यक प्रक्रिया पूरा गरिदिन आग्रह गर्दै आएका छन्।
यसैबीच, बस सेवा सञ्चालन गरेसँगै प्रदेश राजधानीमा कार्यालय, व्यापारिक तथा व्यक्तिगत कामका लागि यात्रा गर्न सहज भएको स्थानीय बताउँछन् । च्याम्ग्राङबेँसीलाई केन्द्र मानेर सञ्चालनमा आएको यो बस सेवाले काभ्रेपलाञ्चोक र हेटौँडाबीचको आवतजावत सहज बनाएको च्याम्ग्राङ्बेँसीका सन्तोष दाहालले बताए।
उनले भने, 'यसअघि, च्याम्ग्राङ्बेँसीबाट हेटौँडा जान चार वटासम्म यातायात फेर्नुपर्ने बाध्यता थियो । यसले समय र खर्च पनि बढी लाग्थ्यो । अहिले बससेवा सञ्चालनपछि आवागमन सहज हुनुका साथै समय र खर्चको बचत भएको छ। रासस

# श्रीलङ्काकामा मौसमी प्रकोपका कारण सार्वजनिक आपतकाल घोषणा

श्रीलङ्काका राष्ट्रपति अनुरा कुमार दिसानायकले हालको खराब मौसमी प्रकोपको सामना गरिरहेको अवस्थामा सार्वजनिक आपतकालको घोषणा गरेका छन । घोषणाले सार्वजनिक सुरक्षा अध्यादेश अन्तर्गत आपतकालीन नियमहरू राष्ट्रव्यापी लागू गर्न सरकारलाई अधिकार प्रदान गर्दछ । आपतकाल घोषणा गर्नुको उद्देश्य सार्वजनिक सुरक्षाको रक्षा गर्नु, राष्ट्रिय स्थिरता कायम राख्नु रहेको जनाइएको छ । यसैबीच श्रीलङ्काली प्रहरीले प्रहरी महानिरीक्षक –आइजीपी) को प्रत्यक्ष पर्यवेक्षणमा प्रहरी मुख्यालयमा विशेष अपरेसन युनिट स्थापना गरेको बताएको छ । युनिटले सार्वजनिक सहायताका लागि समर्पित ल्यान्डलाइन र ह्वाट्सएप हटलाइनहरू खोलेको जनाएको छ ।
राष्ट्रव्यापी प्रहरी अधिकारीहरूलाई उनीहरूको डिभिजन भित्र मौसम–सम्बन्धित आपतकालिन व्यवस्थापन गर्न द्रुत–प्रतिक्रिया टोलीहरूमा नियुक्त गरिएको छ । डुङ्गा, ड्राइभिङ उपकरण र अन्य उद्धार उपकरणहरू तत्काल तैनातीका लागि तयार छन् । विपद् व्यवस्थापन केन्द्र, सशस्त्र बल र अन्य एजेन्सीहरूलाई संयुक्त आपतकालीन अपरेसनमा एकीकृत गरिएको प्रहरीले जनाएको छ ।
विस्थापित परिवारका घर र सम्पत्तिहरूको सुरक्षाका लागि थप सुरक्षा उपायहरू लागु गरिएको अधिकारीहरूले बताएका छन् । अस्थायी आश्रयमा बसोबास गर्ने मानिसहरूको सुरक्षा सुनिश्चित गर्न प्रहरीलाई निर्देशन दिइएको छ ।
यसैबीच, अध्यागमन तथा आप्रवासन विभागले उडान रद्द र मौसम सम्बन्धी यात्रामा अवरोधका कारण फसेका विदेशी नागरिकहरूका लागि विशेष भिसा सुविधा उपायहरू सुरु गरेको छ ।
नोभेम्बर– २८ पछि प्रस्थान गर्न असमर्थ यात्रुहरूलाई भिसा विस्तार शुल्क र पेनाल्टी छुट दिइनेछ । पर्यटक, व्यापार र निवास भिसा भएकाहरुलाई समय थप गर्न सात दिनको अवधि प्रदान गरिएको छ ।
विभागले अल्पकालीन रुपमा भिसा अवधि अनलाइन बाटै थप गर्न सकिने र थप अद्यावधिकहरू जारी गरिने बताएको छ ।एजेन्सी

# चार स्थानीय तहद्वारा प्रतिबद्धता

**काभ्रेपलाञ्चोक।**
काभ्रेपलाञ्चोकको चार स्थानीय तहले बालमैत्री स्थानीय शासन घोषणाका लागि प्रतिबद्धता जनाएका छन् । जिल्लाका मण्डनदेउपुर र पाँचखाल नगरपालिका तथा भुम्लु र चौँरीदेउराली गाउँपालिकाले यस्तो प्रतिबद्धता जनाएका हुन्।

काभ्रेको मण्डनदेउपुर नगरपालिकामा आयोजित जिल्ला समन्वय समितिको आयोजनामा बालमैत्री स्थानीय शासन घोषणा र दिगोपना सम्बन्धमा अन्तरपालिका अभिमुखीकरण तथा कार्ययोजना निर्माण एवं लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान कार्यक्रममा ती स्थानीय तहले प्रतिबद्धता जनाएका हुन्।

बालमैत्री स्थानीय शासन घोषणामा ५१ सूचक पूरा गर्नुपर्दछ । नियमानुसार तोकिएको सूचक पूरा गरेपछि मात्र बालमैत्री स्थानीय शासन घोषणा गर्न पाइन्छ । यसका लागि स्थानीय तहले निर्धारित सूचक पूरा गर्नैपर्ने जनाइएको छ।

स्थानीय तहले बालमैत्री स्थानीय शासन घोषणाका लागि जिल्लाका सबै तहले प्रतिबद्धता जनाई सूचक परिपालना गर्न जिल्ला समन्वय समितिका प्रमुख दीपक गौतमले सुझाव दिएका छन। ‘जिल्लाका सबै स्थानीय तहले अब सूचक पूरा गर्नेतर्फ लागेर बालमैत्री स्थानीय शासन घोषणाका लागि तयार रहन सक्रिय हुनुपर्छ’, गौतमले भने। उनले बालमैत्री स्थानीय शासन घोषणाका लागि पूरा गर्नुपर्ने सूचकबारे कार्यपत्र प्रस्तुत गरेका छन।

प्रतिबद्धताका क्रममा भुम्लु गाउँपालिकाका प्रमुख प्रेमबहादुर भुजेलले स्थानीय तहले बालमैत्री स्थानीय शासन घोषणाको विषय चुनौतीपूर्ण रहेकाले आगामी एक वर्षभित्र आफ्नो तहलाई बालमैत्री स्थानीय शासन घोषणा गरेरै छोड्ने बताए । उनले यसका लागि सबैले मिलेर काम गर्नुपर्नेमा जोड दिए

यसैगरी पाँचखाल नगरपालिकाका प्रमुख महेश खरेलले घोषणा मात्र गरेर नहुने भन्दै आगामी २०८४ सालसम्म जसरी पनि कार्यान्वयन गरिछाड्ने बताए।

यस्तै चौँरीदेउराली गाउँपालिकाको अध्यक्ष रेणुका चौलागाईँले बालमैत्री स्थानीय शासन घोषणा वर्तमान अवस्थामा चुनौतीपूर्ण बनेको उल्लेख गर्दै कार्यान्वयन गर्नै नसकिने भने नभएको तर्क व्यक्त गरे। ‘यसमा सबैको साथ र सहयोग आवश्यक छ’, चौलागाईँले भने।

मण्डनदेउपुर नगरका प्रमुख टोकबहादुर वाइवाले पहिलेको समयभन्दा हालको अवस्थामा विषयमा सहज हुँदै गएको जनाउँदै इच्छाशक्ति हुने हो भने गर्न असम्भव नभएको बताए । उनले भने ‘वडाध्यक्षहरुले यसमा केही प्रतिशत बजेट छुट्याएर विशेष कार्यक्रम सञ्चालनमार्फत आआफ्नो तर्फबाट सहयोग गर्न सधैँ तयार रहनुपर्छ।’

प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, शिक्षा विकास तथा समन्वय इकाइ काभ्रेका प्रमुख सविता दङ्गाल, जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख रागिश्री कक्षपति, सामाजिक विकास कार्यालयका प्रमुख रनमाया फ्याकलगायत विभिन्न स्थानीय तहका वडाध्यक्ष तथा सहभागी विद्यार्थीहरुले बालमैत्री स्थानीय शासन घोषणामा सबैले मिलेर अघि बढ्नुपर्नेमा जोड दिएका छन।

चार स्थानीय तहमध्ये मण्डनदेउपुरमा १२ वडा, पाँचखालमा १३, चौँरीदेउरालीमा नौ र भुम्लुमा १० वटा वडा रहेका छन् । कुल ४४ वडामध्ये हालसम्म मण्डनदेउपुरको वडा नं ४ मात्रै बालमैत्री स्थानीय शासन घोषणा वडा भएको कार्यक्रममा जानकारी दिइयो । सबैजसो वडाले आगमी २०८४ सालभित्र बालमैत्री स्थानीय शासन घोषणा गरिसक्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

कार्यक्रममा जनप्रतिनिधि, सरकारी अधिकारी तथा नागरिक समाजका अगुवाले बालमैत्री स्थानीय शासन घोषणा प्रतिज्ञापत्रमा हस्ताक्षर गरेका थिए।रासस

# बस्तीपुर–भुन्द्रुङ जोड्न राप्तीखोलामा पुल

**मकवानपुर । हेटौँडा ।**
उपमहानगरपालिका–१९ बस्तीपुरबाट मनहरी गाउँपालिका–३ भुन्द्रुङलाई जोड्ने राप्तीखोलामा १७० मिटर लामो पुल निर्माण गरिएको छ ।

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले निर्माण गरेको पुल बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, भौतिक पूर्वाधार विकासमन्त्री डा दिनेशचन्द्र देवकोटा तथा १०३ वर्षीया स्थानीय वृद्धा सरस्वती अर्यालले संयुक्त रूपमा उद्घाटन गरे । उद्घाटन समारोहमा मुख्यमन्त्री बानियाँले सङ्घीय व्यवस्थाले जनताका लागि धेरै काम गर्न थालेको चर्चा गरे । निर्वाचन घोषणा भइसकेको अवस्थामा मतदाताले आफूलाई मन परेका पार्टी र उम्मेदवारलाई स्वतन्त्र रूपमा मतदान गर्नसक्ने अवसर लोकतन्त्रको सबैभन्दा ठूलो उपलब्धि भएको उनले बताए ।

मुख्यमन्त्री बानियाँले भ्रम फैलाउने तथा गलत काम गर्ने प्रवृत्तिलाई अब हामीले धेरै समय सहन नसक्ने स्पष्ट पारे । राणाशासनकालदेखि सुरु भएको राजनीतिक यात्राले सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा अबको आवश्यकता सुधार र परिमार्जन मात्र रहेको उनको भनाइ थियो ।

यस क्रममा उनले जनप्रतिनिधिको सङ्ख्या तथा पालिकाको सङ्ख्या समायोजन गर्ने प्रस्ताव प्रस्तुत गरेका छन ।

मुख्यमन्त्री बानियाँले समग्र विकाससँगै जनताको जीवनस्तर उकास्न रोजगारीमुखी कार्यक्रम आवश्यक रहेको उल्लेख गर्दै कृषिजन्य उत्पादनलाई सीप, तालिम र प्रविधिसँग जोड्न स्थानीय तहलाई आग्रह गरे ।

गाउँघरमा बसोबास गर्ने युवालाई सहलगानीमा रोजगारीमा जोड्न आगामी बजेटमार्फत प्रदेश सरकारले विशेष कार्यक्रम ल्याउने प्रतिबद्धता उनले जनाए । ‘बाटो बनेपछि गाउँमा सुविधा पुगेको छ, उत्पादन बजारसम्म लग्न सजिलो भएको छ, अब उत्पादनलाई आधुनिक बनाउँदै आयवृद्धिमा जनतालाई जोड्नु हाम्रो जिम्मेवारी हो,’ मुख्यमन्त्री बानियाँले भने । राप्तीखोला पुल निर्माणका लागि २९ करोड ५९ लाख ३८ हजार रुपैयाँमा सम्झौता भएको थियो ।रासस

# विषादी परीक्षण केन्द्र सञ्चालन



**ललितपुर ।**
ललितपुर महानगरपालिका–३ कार्यालयले विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याएको छ । आफ्नो वडा कार्यालयभित्र बिक्री हुने तरकारी तथा फलफूलमा प्रयोग भएको विषादीको परीक्षण गर्न वडा कार्यालयले झम्सिखेलस्थित ठाडोढुङ्गामा रहेको ‘हाम्रो घर’मा विषादी परीक्षण केन्द्रको सुरुआत गरेको हो ।

परीक्षण केन्द्रको उद्घाटन गर्दै ललितपुर महानगरप्रमुख चिरीबाबु महर्जनले विषादीयुक्त तरकारी तथा फलफूलको प्रयोगका कारण नगरवासी रोगी हुँदा समस्या सृजना हुने भन्दै यसका लागि विषादी परीक्षण केन्द्र उपयोगी हुने विश्वास व्यक्त गरे ।

‘नगरवासी रोगी हुँदा यहाँको उत्पादकत्व र जीवनशैलीमा प्रभाव पर्छ, यहाँका नागरिक रोगी भए भने यो महानगर स्मार्ट सिटी हुन सक्दैन, महानगरवासी निरोगी हुँदामात्र समृद्ध र सुखी महानगर कायम रहन सक्छ’, उनले भने । उनले देशका छ हजार ७४३ वडामध्ये ललितपुर–३ ले उत्कृष्ट काम गरेको कुरा निर्विवाद छ भन्दै यो वडा महानगरको २९ वडामध्ये सबैभन्दा बढी राजस्व सङ्कलन गर्ने वडा पनि भएको बताए ।

‘म नगरप्रमुख भएको आठ वर्षभन्दा बढी भइसकेको छ, हामीले आठ वर्षभित्र सम्पदा र पूर्वाधार क्षेत्रमा धेरै काम गरेका छौँ, समयसापेक्ष आउने नयाँ परियोजनालाई पनि ध्यान दिएर सञ्चालन गर्नेछौँ, महानगरलाई स्मार्ट सिटी बनाउन धेरै काम गरिरहेका छौँ, महानगरले उत्कृष्ट काम गरेको छ’, महानगरप्रमुख महर्जनले भने ।

महानगरप्रमुख महर्जनले हरियाली कायम गर्ने काममा महानगरको सडकका दायाँबायाँ रुख रोपेर हरियाली कायम गरेर यहाँको वातावरणलाई सफा र स्वच्छ बनाउने प्रयत्न गरेको बताए । जाडोयाममा प्रविधिको प्रयोग गरेर सडक वरपरका सडकलाई पानी दिने र पखाल्ने काम गरेका छौँ भने भूकम्पले क्षति पुर्याएका सबै मठमन्दिर, देवालय, शिवालयको मर्मतसम्भार गरेका छौँ भने ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले वडाका हरेक क्रियाकलापमा आफू निकट रहेको जानकारी गराउँदै शिक्षा र स्वास्थ्यको क्षेत्रमा राम्रो काम गरेर वडावासीलाई उत्साह भर्ने काम वडाले गरिरहेको धारणा राखे । अध्यक्ष शर्माले बालबालिकालाई नैतिक शिक्षाको ज्ञान दिलाउँदै उनीहरूले प्राप्त गरेको सीपलाई व्यवहारमा उतार्न सिकाउँदै संस्कृति र सम्पदालाई जगेर्ना गर्न सिकाउनुपर्ने आवश्यकता रहेकामा जोड दिए ।

ललितपुर–३ का अध्यक्ष गोपाल महर्जनले वडावासीले प्रयोग गर्ने हरेक खाद्य सामग्रीमा भएको विषादीले मानिसलाई रोगी बनाएको भन्दै तरकारी र खाद्य पदार्थमा विषादी भए/नभएको परीक्षण गरेरमात्र उपयोग गर्न विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याइएको बताए । उनले वडाभित्र व्यापार गर्ने तरकारीमा विषादीको परीक्षण गरेर अत्यधिक विषादी भएको पाइएमा कानुनअनुसार कारबाही गर्ने बताए । कार्यक्रममा गत वर्ष एसइई उत्तीर्ण गर्ने १७ तथा कक्षा १२ उत्तीर्ण गर्ने आठ जनालाई सम्मान तथा पुरस्कृतसमेत गरिएको थियो ।रासस

# नेवारी कला, संस्कृति जोगाउन यःमरी महोत्सव



**पाल्पा ।**
तानसेनस्थित टक्सारटोलमा यःमरी महोत्सव मनाइएको छ । तानसेन नगरपालिका र वडा कार्यालयको सहयोगमा मैत्री क्लब टक्सारले नेवारी कला, संस्कृति जोगाउन एकदिने महोत्सव आयोजना गरेको हो ।

पछिल्लो समय स्थानीय परिकार, वेशभूषा कला, संस्कृति, परम्परा, संस्कार हराउँदै गएको अवस्थामा पहिचान जोगाउँदै इतिहासबारे युवापुस्तामा जानकारी गराउन महोत्सव गरिएको क्लबले जनाएको छ । नेवारी परम्पराअनुसार मङ्सिर पूर्णिमाका दिन नयाँ धान भित्र्याएपछि घरभित्र धानको भकारी बनाउने, धानको भकारीलाई विधिवत रूपमा गशेण, शिवलगायत भगवान्को स्वरुप बनाएर पूजाआजा गर्ने र नयाँ धानको यःमरी बनाएर खाने र खुवाउने चलन रहेकाले नेवारी कला, संस्कृति बचाउन महोत्सवको आयोजना गरिएको क्लबका पूर्वअध्यक्ष बेशान्तर शाक्यले बताए ।

यःमरी नेवारी समुदायले मात्र बनाउने र बढी मात्रा खाने प्रचलन छ । ‘य’ भनेको नेवारी भाषामा मनपर्ने मरी भनेको रोटी अर्थात् मनपर्ने रोटीका रूपमा नेवारी समुदायमा लिने गरिन्छ ।

यःमरी चाकु, गुँड, खुवा र तिललाई चामलो पीठोभित्र राखेर पकाइन्छ र तातो खाने गरिन्छ । महोत्सवमा २५ कक्ष रहेका थिए । जहाँ दर्शकले स्वादअनुसारका विभिन्न परिकारको उपभोग गरेका थिए ।रासस

# विकट गाउँमा सडक नपुग्दा सास्ती



**बागलुङ ।**
जैमिनी नगरपालिका–८ सल्यानधारा गाउँमा अहिलेसम्म सडक पुगेको छैन । छिमेकी गाउँमा मोटरबाटो पुगेको वर्षौं भयो । तर यस गाउँका स्थानीय गाडी चढ्नका लागि अर्को गाउँमा पुग्नुपर्ने बाध्यता छ । नगरपालिकाले सडक पुर्याउन वर्षौंदेखि प्रयास गर्दै आएको छ । वडा नं ८ कै केवैखानी गाउँ र सल्यानधाराको बीचमा ठूलो भिर र चट्टानसहितको पहरा हुँदा सडकले जोडिन नसकेको हो ।

सल्यानधारालाई सडक सञ्जालमा जोड्न धुस, वाइनकुना र अर्को छिस्ती केवैखानी हुँदै सडकको निर्माण गरिँदैछ । केवैखानी हुँदै जोड्नका लागि अब करिब एक सय मिटर बाँकी रहेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए । वाइनकुनाबाट अझै डेढ किलोमिटर सडक निर्माण गरेपछि मात्र सल्यानधारा गाउँमा मोटरबाटो पुग्ने उनको भनाइ छ ।

वाइनकुनाबाट जोड्न छोटो पर्ने भए पनि ठूलो भिर पहराका कारण अहिलेसम्म सडक पुर्याउन नसकेको उपप्रमुख शर्माले बताए । सल्यानधारालाई सडकले जोड्न हालसम्म दुई करोड रुपैयाँ बढी बजेट खर्च भइसकेको उनि बताउछन । निकै अप्ठ्यारो भूगोलका कारण अहिलेसम्म उक्त गाउँमा सडक नपुगेको उपप्रमुख शर्माको भनाइ छ । यस वर्ष पनि छ लाख रुपैयाँ बजेटले पहरा फोड्ने काम भइरहेको छ । बजेट व्यवस्थापन भए यसै वर्ष सल्यानधारामा सडक पुग्ने उनि बताउछन ।

‘सल्यानधारामा सडक पुर्याउनका लागि हामीहरूले प्रयास गर्दै आएको धेरै भयो, तर अहिलेसम्म पुर्याउन सकिरहेका छैनौँ, तर यस वर्ष जसरी पनि पुर्याउनुपर्छ भनेका छौँ, गाउँ जोड्ने बीचमा ठूलो चट्टानसहितको भिर हुँदा त्यसलाई फुटाउन गाह्रो भएको हो’, उपप्रमुख शर्माले भने, ‘यसपालि अलि कम बजेट थियो, यद्यपि काम राम्रै भयो, केही बजेट व्यवस्थापन गर्न सके यही आर्थिक वर्षभित्र सल्यानधारामा सडक पुर्याउन सकिन्थ्यो ।’

स्थानीय डोल्मा गाहामगरले सडकले गाउँ नजोडिँदा यात्रा र सामान ढुवानी गर्न समस्या भोग्नुपरेको बताए । छिमेकी गाउँमा घर अगाडि नै गाडी गुड्ने भए पनि सल्यानधारानै यातायताको सुविधाबाट वञ्चित रहेको उनको भनाइ छ । अहिले पनि यस स्थानीयले बोकेरै नुन, तेल, चामललगायतका दैनिक उपभोग्य सामान लिने गरेको उनले सुनाए ।

अर्का स्थानीय तुलबहादुर श्रीसले अहिले गाडी चढ्नका लागि ४५ मिनेट टाढा रहेको केवैखानीमा गाउँमा पुग्नुपर्ने बताए । यहाँ करिब २५ परिवारको बसोबास छ । सबैभन्दा समस्या आकस्मिक सामान ढुवानीमा भएको उनको भनाइ छ । नगरपालिकाको सबै ठाउँतिर विकास हुँदै गए पनि आफूहरू आझेलमा परेको श्रीसले बताए । भौगोलिक विकटताका कारण पछाडि परेको भन्दै राज्यले यस्ता दुर्गम ठाउँलाई प्राथमिकतामा राखेर विकास गर्नुपर्ने उनि बताउछन ।रासस

# चिलिमेले बनाउने भयो चुम्चेत स्यार खोला जलविद्युत् आयोजना

**काठमाडौँ ।**
सरकारले थप तीन जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमति प्रदान गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विद्युत् विकास विभागले चुम्चेत स्यार खोला जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमति प्रदान गरेको छ । सो आयोजनाको क्षमता ४५ मेगावाट बराबर रहेको छ ।

चिलिमे जलविद्युत् कम्पनीले निर्माण गर्ने सो आयोजनाको आयोजना स्थल गोरखाको चुम्चेतमा रहेको छ । बुढीगण्डकी नदीमा निर्माण हुने सो आयोजना नदी प्रवाही प्रकृतिको हो । आयोजनाबाट वार्षिक तीन सय ४८ गिगावाट घण्टा बराबरको ऊर्जा उत्पादन हुनेछ ।

उत्पादित बिजुली प्रस्तावित न्यू बुढीगण्डकी प्रोक सवस्टेशनमा जोडिनेछ । कूल एक सय १० किलोमिटर लामो दुई सय २० केभी क्षमताको प्रसारण लाइनमार्फत जोडिनेछ । सो प्रसारण लाइन राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले निर्माण गर्दैछ ।

रसुवागढी, साञ्जेन र मध्य भोटेकोशी जस्ता आयोजना निर्माण सम्पन्न भइसकेकाले आयोजनाको अभाव रहेको चिलिमे जलविद्युत् कम्पनीका लागि स्यार खोला अर्को एउटा महत्वपूर्ण परियोजनाका रुपमा रहेको छ ।

यस्तै, विभागले मिडिल लिखु जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमति प्रदान गरेको छ । सो आयोजना आठ दशमलव ६० मेगावाट रहेको छ । रामेछापको साँघुटारमा आयोजना निर्माण हुनेछ । विभागले छोमरोङ खोला जलविद्युत् आयोजनालाई पनि विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । घान्द्रकु हाइड्रोले निर्माण गर्ने सो आयोजना चार दशमलव ८९ मेगावाट बराबर छ ।

विभागले हालसम्म दुई सय ६३ आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । ती आयोजनाको कूल क्षमता ११ हजार ९७ मेगावाट बराबर छ । विभागले चालु आवको हालसम्म १३ जलविद्युत् आयोजनालाई विद्युन् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । यसैगरी विभागमा चालु आवको हालसम्म कूल ४२ आयोजनाले सर्वेक्षण अनुमतिका लागि आवेदन दिएका छन् । विभागमा हालसम्म कूल एक सय ९३ आयोजनाले सर्वेक्षण अनुमतिका लागि आवेदन दिएका छन् । ती आयोजनाको क्षमता नौ हजार छ सय ८९ मेगावाट रहेको छ ।रासस

# प्रहरी उपरीक्षक पाठकद्वारा एकमहिनाको प्रगति सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरी प्रमुख सुदीपराज पाठकले जिम्मेवारी सम्हालेको एक महिनाको अपराध नियन्त्रणको विवरण सार्वजनिक भएको छ। एक महिनामा भएका अपराध नियन्त्रणदेखि अवैध गतिविधि रोकथामसम्ममा उल्लेखनीय प्रगति भएको पर्सा प्रहरीको दाबी छ।

कात्तिक ७ गतेदेखि मंसिर ७ गतेसम्मको अवधि समेटिएको प्रतिवेदनमा प्रहरीका सफल अभियान बाहिर ल्याइएको छ।




यो एक महिनामा विभिन्न मुद्दामा फरार १ सय ८४ प्रतिवादी पक्राउ परेका छन्। पक्राउ परेकाबाट ६ लाख २ हजार ३ सय १९ रुपैयाँ जरिवाना असुल गरिएको छ भने १८ वर्ष १ महिनाको कैद सजाय कार्यान्वयन गरिएको छ। फरार प्रतिवादी पक्राउ अभियान निरन्तर जारी रहने प्रहरीको भनाइ छ। एक महिनामा खाद्यान्न, कपडा लगायतका भन्सार छली गरी ल्याइएका ३ करोड ७५ लाख ५० हजार ५ सय ५६ रुपैयाँ बराबरका सामग्री बरामद गरिएको छ।

पर्सा प्रहरीले सीमाक्षेत्रमा निगरानी कडाइ गर्दै चोरी पैठारी नियन्त्रणमा सशक्त अभियान सञ्चालन गरेको छ। प्रहरीले २७ किलो ४ सय ८० ग्राम गाँजा बरामद गरेको छ र चार जनालाई पक्राउ गरेको छ।

सीमा क्षेत्रमा लागुऔषध ओसारपसार रोक्न सुराकी व्यवस्था र निगरानी अझै तीव्र बनाइएको छ। पर्सा प्रहरीले ५ सय लिटर घरेलु तयारी मदिरा नष्ट गरेको छ। यस्तै, अवैध बालुवा उत्खनन्मा संलग्न पाँचवटा ट्र्याक्टर नियन्त्रणमा लिइएको छ।

वन अपराध नियन्त्रणअन्तर्गत ६१.५ क्युबिक फिट सालको अवैध काठ बरामद गरिएको छ, जसको मूल्य करिब २ लाख ६६ हजार रुपैयाँ छ। एक महिनामा हराइएका नौ जनामध्ये सात बालिका र दुई महिलालाई फेला पारेर अभिभावकको जिम्मामा बुझाइएको छ। थप दुई बालिकालाई पनि उद्धार गरिएको प्रहरीले जानकारी दिएको छ।

पर्सा प्रहरीले आगामी दिनमा अझ प्रभावकारी रूपमा अपराध नियन्त्रण, जनसुरक्षा र सीमाक्षेत्र निगरानीका कार्यक्रमलाई निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

# ४ महिनामा ८ अर्ब ५९ करोड बढीको खाद्यान्न आयात

**मधेशदृष्टि**
**वीरगंज।**
मुलुकको प्रमुख भन्सार नाका वीरगंज भन्सार (आइसिपी) हुँदै आर्थिक वर्ष २०८२–८३ को ४ महिनामा ८ अर्ब ५९ करोड ४ लाख ६२ हजार रुपैयाँ बराबरको धान, चामल, मकै, कोदोलगायतका खाद्यान्न भित्रिएको छ। वीरगंज भन्सार कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१–८२ को ४ महिनामा ३ अर्ब १५ करोड ६३ लाख २० हजार रुपैयाँ मूल्य बराबरको धान भित्रिएको छ भने यस अवधिमा १ अर्ब ५२ करोड ८० लाख ९० हजार रुपैयाँ मूल्य बराबरको चामल भित्रिएको छ।

त्यसैगरी वीरगंज भन्सार आइसिपी नाकाबाट साउन, भदौ, असोज र कार्तिक महिनामा ३ अर्ब ३५ करोड ६३ लाख २० हजार रुपैयाँ मूल्य बराबरको मकै भित्रिएको वीरगंज भन्सार कार्यालयको तथ्याङ्कले देखाएको छ। यसैगरी वीरगंज नाकाबाट फापर, कोदोको पिठो लगायतका खाद्यान्न २५ करोड १६ लाख ४२ हजार रुपैयाँ मूल्य बराबरको भित्रिएको छ भने गहुँ १५ करोड ८० लाख ९० हजार रुपैयाँ मूल्य बराबरको भित्रिएको छ। धान चामल, मकै, गहुँ, कोदो, फापरलगायतका खाद्य सामग्रीको आयातबाट वीरगंज भन्सारले ६३ करोड ६१ लाख ५५ हजार रुपैयाँ राजस्व असुली गरेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक बिष्णु ज्ञवालीले जानकारी दिए।

गत वर्ष २०८१–८२ को यो अवधिमा वीरगंज नाकाबाट ५ अर्ब ८६ करोड २ लाख १५ हजार रुपैयाँ मूल्य बराबरको धान, चामल, मकै, फापर कोदो तथा गहुँ लगायतका खाद्यान्न भित्रिएको र यसबापत ४३ करोड ३८ लाख ८५ हजार रुपैयाँ राजस्व असुली भएको प्रमुख भन्सार प्रशासक ज्ञवालीले बताए।

# जलेश्वर प्रादेशिक अस्पतालमा जेन्जीको प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रादेशिक अस्पताल जलेश्वरमा पछिल्ला महिनादेखि बढ्दो अव्यवस्था, सेवा प्रवाहमा आएको गिरावट र व्यापक अनियमितताको आरोप लगाउँदै जेन्जी युवा सडकमा उत्रिएका छन्।

अस्पताल सुधारका मागसहित आइतबार उनीहरूले अस्पताल परिसरमै विरोध प्रदर्शन गर्दै ११ बुँदे मागपत्र सार्वजनिक गरेका हुन्।

युवाले अस्पतालमा कर्मचारी नियुक्तिमा मनोमानी, गाइनोकोलोजिस्ट र चिकित्सकको चरम अभाव, चिकित्सक नहुँदा गर्भवती महिलालाई अनिवार्य रेफर गर्नुपर्ने बाध्यता र सरकारले उपलब्ध गराएका निःशुल्क औषधि अभावजस्ता समस्याले बिरामीहरू मारमा परेको आरोप युवाको छ।

उनीहरुका अनुसार अस्पतालका धेरै बेड सञ्चालनमा नआउनु, आरओ प्लान्ट र भेन्टिलेटरजस्ता महत्वपूर्ण उपकरण लामो समयदेखि प्रयोगविहीन रहनु र आकस्मिक सेवासमेत प्रभावित हुनु गम्भीर लापरवाही हो।

युवाले ड्रेसिङ र एक्स–रेजस्ता संवेदनशील काम कार्यालय सहयोगीमार्फत गराइने, डायलसिस सेवा अनियमित बन्नु, अस्पतालका सुरक्षा गार्डको अनुशासनहीनता, सरसफाइको कमजोर अवस्था तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्षमाथि उठेका अनियमितताका सवाल पनि तीव्र रूपमा उठाएका छन्।

अस्पतालका निमित्त प्रमुख डा. विकासकुमार साहले भने उपलब्ध स्रोत–साधनभित्र रहेर अस्पतालले आफ्नो तर्फबाट सेवा प्रवाहमा कुनै कमी नराखेको दाबी गरे। प्रदेश सरकार र निर्देशनालयले उपलब्ध गराएको जनशक्ति तथा संरचना अपुग हुँदा धेरै सेवामा दबाब रहेको उनको तर्क छ।

# उखु किसानको आन्दोलन स्थगित

**मधेशदृष्टि**
**वीरगंज।**
कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदनप्रसाद परियारले दुई साताभित्र समस्याको समाधान निकाल्ने आश्वासन दिएपछि उखु किसानले आफ्ना आन्दोलनका कार्यक्रम स्थगित गरेका छन्। उखु किसानले गत वर्ष २०८१–८२ को बाँकी अनुदान रकममध्ये प्रतिक्विन्टल ३५ रुपैयाँ भुक्तानी गर्न र यस वर्ष २०८२–८३ को क्रसिङ सिजनका लागि उखुको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ७ सय ५० रुपैयाँ कायम गर्न माग गर्दै गतसाता मन्त्री परियारसमक्ष ज्ञापनपत्र बुझाएका थिए।

मन्त्री परियारले माग सम्बोधनका लागि दुई हप्ता समय माग गरेकाले तत्काल आन्दोलन रोक्ने निर्णय गरिएको नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष श्यामबाबु रायले जानकारी दिए।

शनिबारसम्म माग पूरा नभए उखु किसानले आइतबारदेखि सर्लाहीको हरिवनमा अनिश्चितकालीन रूपमा पूर्वपश्चिम राजमार्गमा चक्काजाम गर्ने घोषणा गरिसकेका थिए। मन्त्री परियारले यस विषयमा प्रधानमन्त्रीसहित अन्य मन्त्री, मन्त्रालयका सचिवलगायतसँग छलफल गर्न समय माग गरेका हुन्।

उखु खेती हुने महोत्तरी, सिराहा, सुनसरी, रौतहट, बारा, नवलपरासी, कञ्चनपुरलगायत जिल्लाका किसानले सर्लाहीको हरिवनबाटै आन्दोलन प्रारम्भ गर्ने निर्णय गरेका थिए।

# बुहारीको हत्या आरोपमा ससुरा पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम–४ स्थित कटैयाचौरीकी २७ वर्षीया रोशनी झाको शंकास्पद मृत्युपछि प्रहरीले उनका ससुरालाई पक्राउ गरेको छ। माइतीपक्षले रोशनीको हत्या गरिएको आरोप लगाएपछि प्रहरीले उनको ससुरा रुद्रनारायण मिश्रलाई नियन्त्रणमा लिएको हो।

माइतीपक्षले रोशनीका श्रीमान प्रशान्त मिश्र, ससुरा रुद्रनारायण र अन्य आफन्तले मिलेर हत्या गरेको आरोप लगाएका छन्। माइती पक्षका अनुसार रोशनीको घाँटी थिचेर हत्या गरिएको र प्रमाण नष्ट गर्न कपडा तथा अन्य सामग्री जलाइएको छ। घटनास्थलमा जलाइएका अवशेष फेला परेको र आरोपीहरूले पटक–पटक अभिव्यक्ति परिवर्तन गरेको रोशनीका मामा पंकज झाले बताए।

ससुरालीपक्ष भने रोशनी भ¥याङबाट लडेर गम्भीर घाइते भएको र उपचारक्रममा मृत्यु भएको दाबी गर्दै आइरहेको छ। बिहीबार राति रोशनी भ¥याङबाट खसेर गोदाबरी अस्पताल लैजाँदा चिकित्सकले उनलाई मृत घोषित गरेका थिए। माइतीपक्षले जानकारी लिन खोज्दा, ससुरालीपक्षले रोशनीले पासो लगाएर आत्महत्या गरेको भन्दै पन्छाउने प्रयास गरेको पंकजले बताए।

घटनापछि धनुषाका प्रहरी प्रमुख रुगमबहादुर कुँवर घटनास्थल पुगेका थिए। उनले रोशनीको मृत्यु शंकास्पद रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएका छन्। प्रारम्भिक अनुसन्धानले घटनालाई शंकास्पद ठहर गरेको छ।

पीडित परिवारले रोशनीका श्रीमान, डा. धिरज झा, प्रशान्तकी बहिनी र भिनाजुले प्रमाण नष्ट गर्न भूमिका खेलेको आरोप लगाएका छन्। चौतर्फी दबाबपछि प्रहरीले घरमै रहेका रुद्रनारायणलाई पक्राउ गरेको हो। यता आइतबार नै किटानी जाहेरी पनि दर्ता भएको छ।

# पानीको मूल्य बढी लिँदा कारबाहीको प्रतिशोधमा हत्या





**मधेशदृष्टि**
**बारा।**
प्रसौनी गाउँपालिका–६ स्थित किरण वेभरेजका प्रबन्धक रामकिशोर सिंहको हत्या आरोपमा दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा वीरगंज महानगरपालिका–२२ का २१ वर्षीय राजनकुमार राम र सोही ठाउँका ३२ वर्षीय प्रमोद साह तुरहा छन्।

सिंहको हत्या गरेर फरार भएका उनीहरूलाई प्रहरीले घटना भएको १८ घण्टामै नियन्त्रणमा लिएको थियो। भारतीय सीमा क्षेत्रबाट मंसिर १२ गते राति नै पक्राउ परेका उनीहरूलाई बारा जिल्ला अदालतबाट आइतबार ७ दिन हिरासतमा राख्ने अनुमति लिएपछि प्रहरीले सार्वजनिक गरेको हो।

उनीहरुले मंसिर ११ गते राति पानी उद्योगका प्रबन्धक सर्लाही धनकौल गाउँपालिका–२ का ५० वर्षीय सिंहलाई धारिलो हतियारले रेटेर हत्या गरेका थिए।

हत्यापछि उनीहरुले सिंहको शवलाई उद्योग भन्दा करिब २५ मिटर उत्तरतर्फको झाडीमा लुकाएर फरार भएका थिए। घटनाको अनुसन्धानक्रममा उद्योगमा चालकको रुपमा कार्यरत रामको संलग्नता हुनसक्ने देखेपछि प्रहरीले राम केन्द्रित अनुसन्धान अघि बढाएको थियो।

राम उद्योगमा चालकका रुपमा कार्यरत थिए। आचरण राम्रो नभएको भन्दै प्रबन्धक सिंहले उनलाई मंसिर १० गते कामबाट हटाएका थिए भने मंसिर ११ गते काम गरेबापतको ज्याला दिई पठाएका थिए। उद्योगबाट उत्पादित पानी व्यक्तिगत मुनाफाका लागि बजारमा बढी मूल्यमा बिक्री गरेको थाहा पाएपछि प्रबन्धक सिंहले रामलाई हटाएको प्रहरीको भनाइ छ। सिंह र रामबीच अघिल्लो वर्षको मंसिर महिनामा समेत वादविवाद भएको थियो। वादविवादपछि उद्योग छोडेर गएका राम कात्तिक १ गतेदेखि पुनः चालकका रुपमा काम गर्दै आएका थिए। प्रबन्धक सिंह र चालक रामबीचको सम्बन्ध राम्रो थिएन। पछिल्लो पटक कात्तिक १० गते कामबाट हटाएपछि रामले सिंहको हत्या गर्ने योजना बुनेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। सिंहले वीरगंजस्थित एक होटलमा प्रमोद साह तुरहासँग मदिरा सेवन गर्दै हत्याको योजना बुनेका थिए।

योजनाअनुसार वीरगंजबाट राति करिब १० बजे उद्योगमा आएका उनीहरुले सिंहमाथि धारिलो हतियार र इँट्ट प्रहार गरेर हत्या गरेका हुन्। सो क्रममा उनीहरुले उद्योग भित्रको सीसीटीभी क्यामरा समेत फुटाएका थिए। घटनालगत्तै प्रहरी उपरीक्षक नरेन्द्र कुँवर र अपराध अनुसन्धान शाखाका प्रहरी नायब निरीक्षक दीपक बस्नेतको टोलीले अनुसन्धान थालेको थियो।

अनुसन्धानका लागि प्रदेश प्रहरी कार्यालयबाट तालिम प्राप्त कुकुरसमेत परिचालन गरिएको थियो।

पक्राउ परेका रामले हत्यामा आफ्नो संलग्नता रहेको स्वीकार गरेका छन्। रामले आफूलाई कामबाट हटाएको आक्रोशमा सिंहको हत्या गरेको प्रारम्भिक बयान प्रहरीलाई दिएका छन्। तुरहा र आफू मिलेर सिंहको हत्या गरेको बयान रामले दिएपछि प्रहरीलाई घटनाको अनुसन्धान गर्न सहज भएको छ। बाराका निमित्त प्रहरी प्रवक्ता एवम् सूचना अधिकारी खेमप्रसाद नेपालले हत्यामा प्रयोग गरिएका धारिलो हतियार समेत बरामद भएको जानकारी दिए। उनीहरुविरुद्ध कर्तव्य ज्यान कसुरमा अनुसन्धान थालिएको नेपालले बताए।

## उपेन्द्र र सीकेबीच बर्चस्वको लडाइँः

# एजेण्डा उस्तै चाल फरक

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेशको राजनीति फेरि एकपटक नेतृत्व हत्याउने होडबाजीमा केन्द्रित भएको छ। संसद् विघटनपछि आगामी निर्वाचन घोषणा भएलगत्तै मधेशका दुई प्रमुख नेता जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतबीच मधेशमा पकड जमाउन होडबाजी तीव्र भएको हो। मुद्दा र माग प्रायः उस्तै देखिए पनि दुवै नेता एक अर्कालाई अझैसम्म स्वीकार गर्न सकिरहेका छैनन्। फलस्वरुप मधेशमा पकड जमाउन आआफ्नो शैलीमा कदम अगाडि बढाइरहेका छन्।

२०६४को पहिलो मधेश आन्दोलनपछि मधेशको राजनीतिमा उपेन्द्र यादव सबैभन्दा प्रभावशाली चेहरा बन्न सफल भएका थिए। तर पछिल्ला वर्षमा सीके राउतले जनमत पार्टीमार्फत वैकल्पिक मधेशी नेतृत्वको आकांक्षा जागाउँदै मतदातामा नयाँ आकर्षण सिर्जना गरे। सत्तासँग वार्तादेखि लिएर सडकमा संघर्षसम्म, दुवै नेताका कदमले मधेशमा प्रतिस्पर्धा बढाएको छ। यसपालि खासगरी संसद् विघटनपछि सरकारसमक्ष प्रस्तुत गरिएको मागसूचीले दुवैबीचको होडलाई झनै स्पष्ट बनाइदिएको छ।

जनमत पार्टीले मंसिर ८ गते अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर १२ बुँदे माग बुझायो। त्यसको दुई दिनमै जसपाले २८ बुँदे मागसहित ज्ञापनपत्र बुझायो। संविधान संशोधन, पहिचानमा आधारित संरचना, प्रदेश अधिकार, समानुपातिक प्रतिनिधित्व, प्रहरी प्रशासन प्रदेश मातहत हुनुपर्ने, स्वायत्तता जस्ता विषय दुवै दलको प्रमुख एजेन्डामा परेका छन्। तर, एजेन्डा समान हुँदा पनि 'कसको एजेन्डा मधेशले सुन्छ ?' भन्ने प्रतिस्पर्धा भने अझै कडा छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले आन्दोलन, जनपरिचालन र गाउँ–बस्तीको राजनीतिक पुनर्संरचनालाई प्राथमिकतामा राखेका छन्। २०६८ को राज्य पुनर्संरचना आयोगले प्रस्ताव गरेको १०+१ राज्य मोडेल, जननिर्वाचित कार्यकारी राष्ट्रपति, समानुपातिक संसद्, स्थानीय तहमा गैर–दलीय चुनाव जस्ता विषयले उपेन्द्रको राजनीतिक लाइनलाई स्पष्ट पार्छ। उनी पछिल्लो समय फेरि सप्तरी–२ तर्फ केन्द्रित हुँदै छन्, जहाँबाट २०७९ को निर्वाचनमा सीके राउतले नै उनलाई पराजित गरेका थिए। यही कारण यो प्रतिस्पर्धा केवल एजेन्डाको मात्र होइन, 'आफ्नो किल्ला पुनः जित्ने' राजनीतिक भावनासँग पनि जोडिन्छ।

यता जनमत पार्टीले आफ्नो आधार क्षेत्र कुनै हालतमा नछोड्ने अडान दोहोर्याइरहेको छ। जनमतका नेताहरुका अनुसार एजेन्डा एकै भए पनि संघर्षको शैली फरक छ। उनीहरुका अनुसार दुवै नेताबीच संयुक्त संघर्षबारे विचार–विमर्श भए पनि आगामी निर्वाचनका विषयमा कुनै पनि सहमति हुनै नसक्ने स्थिति छ। जनमत पार्टीको धारणा छ, 'सप्तरी–१ र २ दुवै हाम्रो बलियो क्षेत्र हो, यसलाई 'राजनीतिक लेनदेन'को विषय बनाउन सकिँदैन।'

यसरी हेर्दा मधेशमा अहिले मुद्दाको र नेतृत्वको संघर्ष देखिदै छ। मधेशका मुद्दा वर्षौंयता उस्तै छन्। संविधान संशोधन, पहिचान, अधिकार, स्वायत्तता, समानुपातिकता। तर, यो पटक यी मुद्दाको राजनीतिक प्रस्तुति गर्ने शैली र नेतृत्व दाबी गर्ने अभिव्यक्ति दुवै नेताबाट आ–आफ्नै ढंगले बाहिर आउँदैछ। जसपाले पुरानो आन्दोलनको निरन्तरताका साथ 'अनुभव'लाई हतियार बनाइरहेको छ भने जनमत पार्टी 'नयाँ पुस्ताको नेतृत्व'लाई राजनीतिक ऊर्जा बनाइरहेको छ।

२०७९ सालमा सप्तरी–२ मा भएको प्रतिस्पर्धाले उपेन्द्र–सीकेबीचको दूरी मात्रै बढाएन मधेशको बागडोर कसको हातमा जाने बहसलाई समेत जन्म दिएको थियो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन